# यो तहबाटः येशू केन्द्रीत सेवकाईद्धारा अगुवा निर्मण

# जिवन र सेवकाईको निम्ति दर्शन

विध्यार्थीहरुको आत्मिक परिपक्कको

यूवाहरुलाई सुसज्जित गर्ने

बेरी सेन्ट क्लेर

# विषयहरु

जिवन र सेवकाईको निम्ति दर्शन
परिचय ३
सेशन १
आधा दिनको प्रार्थना (सुमाहिक परियोजना) ५
सेशन २
येशू केन्द्रीत रणनितीको विकास ७
सेशन ३
येशूलाई प्रभु बनाउनु भाग १ १४
सेशन ४
येशूलाई प्रभु बनाउनु भाग २ १७
सेशन ५
अगुवा बन्नु भाग १ २२
सेशन ६
अगुवा बन्नु भाग २ २६
सेशन ७
विध्यार्थीहरुलाई परिपक्क तिर लैजानु भाग १ ३०
सेशन ८
विध्यार्थीहरुलाई परिपक्क तिर लैजानु भाग २ ३६
सेशन ९
विध्यार्थीहरुको साँस्कृतीकमा भित्रिनु भाग १ ४३
सेशन १०
विध्यार्थीहरुको साँस्कृतीकमा भित्रिनु भाग २ ४७
सेशन ११
विध्यार्थीहरु माफ्क येशूलाई प्रस्तुत गर्ने ५३
सेशन १२
सबैलाई एकै ठाउँमा ल्याउने ५८
छलफलको निर्देशन ६३

परिचय

यो किताबका तहहरु यस ढाचाँमा बनाइएको छ, जसले अगुवाहरु लाई तीन छेत्रहरुमा हुर्कनको निम्ति सहायता गर्दछ ।

१) येशू ख्रीष्सँगको हाम्रो व्यक्तिगत सम्बन्ध, येशू ख्रीष्टसँग हाम्रो व्यक्तिगत हिंडाई

२) जिवन र सेवकाईको निम्ति हाम्रो दर्शन जिवन र सेवकाईको निम्ति दर्शन

३) विध्यार्थीहरु सँग काम गर्नकोलागि हाम्रो दक्ष्यता, आवश्यक साधनहरु जसले

विध्यार्थीहरुलाई नेतृत्व गर्दछ ।

यी तीन किताबहरुले मण्डलीको पात्रोलाई सजिलै स्वीकार गर्दछ । हरेक किताबको ढाँचा १२ हप्ताको समयसम्म चलाईने छ, जसमा ११ हप्ता छलफल र १ हप्ता सामुहिक अभ्यास गरिनेछ ।

येशू ख्रीष्ट सँगको व्यक्तिगत हिंडाई आत्मिकी विकासमा केन्द्रित रहेको छ । हामी यसमा कसरी येशू ख्रीष्टसँगको सम्बन्धमा निश्चयता, आत्मिक अगुवाको चरित्रतामा विकास, आत्मामा दैनिक रुपमा हिड्ने, परमेश्वरमा समय बाइबल अध्ययन, प्रार्थना र वचन कण्ठ गरेर बिताउने भन्नेबारे सिक्नेछौं ।

जिवन र सेवकाईको निम्ति दर्शनले विध्यार्थीहरु माझ सेवकाई गर्न जग बसाल्दछ । यसमा हामी येशू केन्द्रीत सेवकाईको निम्ति रणनिती विकास गर्न अध्ययन गर्दछौं जसले सामुहिक अगुवा निमार्ण, चेलापनद्धारा विध्यार्थीहरुलाई परिपक्वमा लैजानु, विध्यार्थीहरुको साँस्कृतीमा भित्रनु र आफ्ना साथीहरु माझ आत्मिक प्रेरणा बन्नलाई  विध्यार्थीहरुलाई सु–सज्जित गर्ने सिकाउँदछ ।

विध्यार्थीहरुलाई बडाउनको लागि आवश्यक बस्तुले अभ्यासमत्क सीपको तालिम प्रदान गर्दछ । हामीले विध्याार्थीहरुमा यस प्रकारका सीपहरुको विकास गर्दछौं जस्तै, हाम्रो जीवन र सेवकाईको बारे दर्शन देख्ने, आफ्नो समयकृ सदुपयोग गर्ने, आत्मिक बरदानको बारे बुझ्ने र चलाउने, विध्यार्थीहरुलाई ख्रीष्टमा डोहोर्‍याउने र उनीहरुलाई विश्वासमा बढ्न सहयोग गर्ने, चेलापनको झुण्डलाई अगुवाई गर्ने, विध्यार्थीहरुलाई परामर्ष गर्ने र अभिभावक र मण्डलीका अगुवाहरुसँग संचार गर्ने ।

जब हामी यस किताबबाट भएर जाँदछौं, हामीले यसमा दुबै व्यक्तिगत साथै झुण्डको बारेमा रहेको थाहा गर्दछौं । व्यक्तिगत तवरले हामी हरेक सेशनमा समय बिताउनेछौं र त्यस सेशनबाट हाम्रो जीवन र सेवकाईको क्षेत्रको निम्ति कार्यनयन गर्नकोलागि अभ्यास गर्नेछौं । त्यसपछि हप्ताको एकपटक अरु जवान अगुवाहरु सँग झुण्डले भेट्नेछन् एक–अर्कालाई उत्साह दिनको निम्ति, अध्यायको छलफलको निम्ति र सँगसँगै प्रार्थना गर्न र पढेका कुराहरु व्यवहारमा गर्न अगुवाहरुको झुण्डलाई बोलाउनेछौं । अहो! यसले हामीलाई सहयोग गर्नेछ ।

अगुवा झुण्डको उद्देश्य :

जवानहरुको अगुवालाई तालिम दिएर अझै सक्रिय हुनको निम्त

१. ख्रीष्टमा अझै बढि प्रतिबद्ध हुन

२. एक अर्कामा प्रतिबद्ध हुन

३. विध्यार्थीहरुलाई पवित्र आत्माको शक्ति र परमेश्वको महिमाको निम्ति सेवकाई गर्नको निम्ति प्रतिबद्धहुनको लागि (यूहन्ना १७:२०–२६)

यस किताबको अध्ययनबाट हामीले के पाउन सक्छौं ?

– शुरुवात देखिनै येशू ख्रीष्ट हाम्रो मुत्तिदाता र प्रभु हुनुहुन्छ भनि व्यक्तिगत सम्बन्धमा निश्चित हुनुहोस । -यदि यसमा केहि प्रश्न छ भने शुरुमै जवान अगुवाहरुसँग कुरा गर्नुहोस )
– यस अगुवापन झुण्डको अनुभवको निम्ति आफैलाई हृदयबाटनै प्रतिबद्ध तुल्याउनुहोस । यस किताबबाट भएर जाने क्रममा परमेश्वरले नतिजा स्वरुप महान् काम गर्नुहुन्छ भनि आशा राख्नुहोस ।
– दुवै विश्वासी र अविश्वासी विध्यार्थीहरु सँग राम्ररी काम गर्नको निम्ति परमेश्वरसँग बोलावट र इच्छा माग्नुहोस ।

हाम्रो यस किताबहरुमा भक्तिपूर्ण अध्ययनले हाम्रो जीवनमा परिवर्तन, विध्यार्थीहरु सँग हाम्रो सेवकाईको दर्शन र ख्रीष्टलाई पछ्याउनको निम्ति चाहिने औजारहरु र ख्रीष्टमा परिपक्वपन आउँदछ ।

सेशन १

आधा दिनको प्रार्थना (सामुहिक परियोजना)

आधा दिनको प्रार्थना तपाईकोलागि शक्तिशाली अनुभव हुन सक्छ। तपाई परमेश्वर सँग भेट्नु हुन्छ र उहाँले तपाई सँग बोल्नु हुनेछ। तपाई परमेश्वर सँग गहिरिएर सम्बन्धमा हुनसक्नु हुन्छ। यसले तपाईले कति सम्म सिक्नु भयो र व्यक्तिगत जिवनमा कसरी लागू गर्दैहुनुहुन्छ भन्ने बारे प्रस्तुत गर्दछ। तल दिएको निर्देशिकाहरुले तपाईलाई सहि निर्देशन दिंदछ। आफ्नो आवश्यक भेट्नका लागि निमार्ण गर्नुहोस्।

कदम १ पूर्व जानकारी (२० मिनेट)

एकअर्कासँग झुण्डमा भेटेर कार्यक्रमको बारेमा छलफल गर्नुहोस्, साम्रगीहरु बाड्नु होस् र प्रश्न उत्तरहरु बाड्नुहोस्। यस समयलाई झुण्डमा प्रार्थना गरी बिताउनुहोस।

कदम २ व्यक्तिगत प्रार्थना (३ घण्टा १० मिनेट)

–परमेश्वरसँग एक्लै समय बिताउन सक्ने ठाँउ खोज्नुहोस्।

–तीन मुख्य क्षेत्रहरुलाई छुने गरी समयलाई मिलाउनु होस्।

१. परमेश्वरमा प्रतिक्षा। उहाँको उपस्थितिको अनुभव। पाप मानिलिने। येशूको महिमा।

२. अरुहरुको निम्ति प्रार्थना। अरु व्यक्तीहरुको आवश्यताहरुको निवेदन गर्ने।

३. तापाई आफै पनि प्रार्थना गर्नुहोस्। आफ्नो आवश्यताको लागि पनि परमेश्वरसँग निवेदन गर्नुहोस्। उहाँसँग खुल्ला र इमानदारी पूर्वक बोल्नुहोस्।

–यस समयमा तपाईको क्रियाकलाप भिन्न बनाउनुहोस्। केहि समय कराएर र शान्त भएर प्रार्थना गर्नुहोस्। बाइबल पढ्नुहोस्। परमेश्वरले यहाँ सम्म ल्याउनु भएको कार्यहरुलाई योजनात्मक र संगठित तरिकाले लेख्नुहोस्। परमेश्वर सँग बिताएको यो समयमा तपाईलाई जे प्रकाश हुन्छ, त्यो लेख्नुहोस्।

–तपाईको प्रार्थनाका विषयहरु टिपेर राख्नुहोस्। पछि त्यो हेर्नुहोस् र आफ्नो प्रार्थनाको अनुगमन गर्नुहोस् र परमेश्वरले तीहरुको उत्तर दिएको देख्न सक्नुहुन्छ।

कदम ३ प्रतिक्रिया (३० मिनेट)

फेरी झुण्डमा भेट्नुहोस्। प्रत्येकलाई बाँकी झुण्डमा प्रार्थन समयमा गरिएको एक वा दुई मुख्य विषयहरु बाड्नलाई आग्रह गर्नुहोस्।

आवश्यक सामग्रीहरु

| आवश्यक | सहयोगी | अरु |
|---|---|---|
| बाईबल | धर्मशास्त्र या दगर्ने कार्ड | वर्षको भिते पात्रो र अगाडी |
| परमेश्वर सँग | साधना/प्रार्थनाका किताब | उद्देश्य/लक्ष्य/निर्णयहरुको |
| एक्लो समय | | व्यत्तीगत टिप्पणी |
| नोट किताब/जोरनल | यूवा सेवकाईमा | |
| यस किताब -आफूले | रहेका विध्यार्थीहरुको नाम | स्तुती प्रशंसाको सि.डि. |
| के पढ्यो भनि हेर्न ) | | |
| कलम र घडि | | |

नोट :

सेशन २

येशू केन्द्रीत रणनितीको विकास

एन्थोनि नाम भएका एउटा जवान केटा जो प्रख्यात र फुटबल टिमको सदस्य थिए, उसको जिवन स्थिरमा चलिरहेको थियो । उसले आफ्नो जिवन मोजमस्ति र लागु पदार्थ सेवन गर्ने जस्तो खराब रोजाईलाई अँगाल्यो । उसको र उसको प्रेमिका बिच सम्बन्ध भयो जसको कारण उनको प्रेमीका गर्ववती भईन । उ तपाईकहाँ आयो र उसलाई तपाईले सहयोग गरेको उ चहादछ । जब उसले आफ्नो साक्षी भन्दछ, तपाई जोर सँग कराउनु हुन्छ । म कसरी यस जवान मानिसको सेवकाई गर्न सक्दछु ? म उसलाई के दिन सक्छु ?

तिमीलाई परमेश्वको अलौकिक सहयोगको खाँचो छ । यदी उ जिवनको सही मार्गमा हिड्न चहान्छ, आफुमा र अरुमा भएको बेखुशीको पिडाबाट छुट्काराको अनुभव र उसले गरेको गलत छनोटबाट स्वत्रन्त हुन चहान्छ भने उसलाई परमेश्वको आवश्यक छ । सबै भन्दा उसले गर्नु पर्ने महत्वपूर्ण कुरा, उसले गर्नु पर्ने सम्झौता चाहिँ, प्रेमिलो र क्षमा दिने मुक्तिदातासँगको गहिरो सम्बन्ध निर्माण गर्नुपर्छ । यदि उ त्यस बिन्दु सम्म पुग्छ, जहाँ देखि उ फर्किने राम्रो निर्णय लिन्छ भने उसलाई तपाईको सहयोगको खाँचो छ । परमेश्वरमा विश्वास राखेर तपाई उसलाई सहयोग गर्न सक्नुहुन्छ । तपाईलाई, उसलाई खीष्टमा बड्न, परिपक्क तिर हुर्कन र अरुलाई सहयोग गर्न पठाउनको लागि रणनितीको आवश्यक पर्छ ।

एनथोनिले एउटा व्यक्तिलाई भेट्दछ, जसले उसलाई राम्ररी सेवकाई गर्न सक्छ । ज्याकले उसँग सम्बन्ध स्थापित गर्न थाल्दछ । ज्याकले एन्थोनिलाई मण्डलीमा आउनकोलागि निमण्त्रना दिँदछ । अरु विध्यार्थीहरुको सानो झुण्डमा ऊ सहभागि हुँन्छ, जुन झुण्डमा येशू खीष्टलाई चिन्नु र पछ्याउनु भनि सिकिरहेका हुन्छन् । त्यो वातावरणमा एन्थोनि वृद्धि हुँदैजाँदछ । आज आफ्नो परामर्षको श्रेणि र सेमिनार सकेर विगतमा ऊ जस्तै नयाँ आएका विध्यार्थीहरु माझ सेवा गर्दछ । सौन्दर्य साथ र आश्चर्य सहित एउटा जवान केटाले येशू खीष्टमा विश्वास गर्दछ र उहाँमा परिपक्व हुँदछ र अहिले अरुहरुलाई येशू खीष्टमा डोहोऱ्याउने काम गर्दछ ।

यदि यस्तै समस्यामा परेको विध्यार्थी तिमीबाटको सहायता खोज्दछ भने के उसलाई तयारी गर्नको निम्ति सहायता गर्छौं ? यदि उसलाई सहायता गर्ने कुरामा पक्का छैनौं र कसरी गर्ने कुरा थाहा छैन भने केहि हप्ताहरु तपाईको लागि हो ! तपाईले येशू केन्द्रीत रणनितीबाट अरु विध्यार्थीहरुको जिवनमा कसरी विकास गर्ने पत्ता लगाउन सक्नुहुनेछ । युवा सेवकाईको लागि येशू केन्द्रीत रणनितीमा हामी पाँचवटा मुख्य सिद्धान्तहरु तल हेर्नेछौं ।

येशू केन्द्रीत जवान सेवकाई रणनिती

यस येशू केन्द्रीत रणनितीले पहिले शक्तिशाली प्रार्थना र त्यस पछि पाँच वटा मुख्य सिद्धान्तको वातावरण बनाउँदछ । यस मण्डली आधारीत क्याम्पस समाजले येशूले आफ्नो सेवकाईमा गर्नुभएको सिद्धान्तहरुमा रहेर बनाउने काम गर्दछ ।

खीष्टमा गहिरीएर जानु

हामीले कसरी खीष्टसँगको सम्बन्ध सुधार गर्ने र अरुहरु माझ उहाँलाई प्रकट गर्ने ? येशूसँग एकदम नजिक र जोशको सम्बन्धमा गहिरो रुपमा जाने र खीष्टमा आज्ञाकारी भएर जिउने र उहाँका चरित्रहरुलाई अरुहरुको माझ प्रकट गर्ने । (मर्कूस १:७–८)

अगुवाहरुको निर्माण

हामी कसरी दीर्घकालीन सेवकाईको लागि गुणस्तर अगुवाहरुको निमार्ण गर्न सक्छौं ? जान सक्ने र चेला बनाउन सक्ने ती युवाहरुलाई सुसज्जित पार्ने, जससँग हृदय र सीपहरु छन् । (मर्कूस १:१६–२०)

विध्यार्थीहरुलाई चेला बनाउने

हामी कसरी आफ्ना विध्यार्थीहरुलाई उनीहरुको साथिहरु माझ आत्मिक जोश र आत्मिक प्रेरणा भएको चेला बनाउन सक्छौं ? विध्यार्थीहरुलाई चुनौति दिएर येशूसँगको सम्बन्धमा परिपक्क तिर बढ्दै सानो झुण्डलाई चेलापनको सम्बन्धमा बढाउन सकिन्छ । (मर्कूस ३:१३–१५)

साँस्कृतीमा छिर्नु

हामीले कसरी आफ्ना अगुवा र विध्यार्थीहरुलाई अरुहरुको साँस्कृती भित्र छिर्न प्रेरण दिन र चलाउ सक्दछौं ? ती विध्यार्थीहरु जसले धेरै समय उनीहरुको साँस्कृतीमा बिताउँदछन् र उनीहरुलाई सुसज्जित बनाई उनीहरुको साथीहरु र उनीहरुको साँस्कृतीमा जान तयार गर्नसक्छौं ? (मर्कूस १:४०–४२)

बाहिरजाने अवसर सृजना गर्ने

हामीले कसरी आफ्ना विध्यार्थीहरुलाई उनीहरुको साथीहरु माझ जाने अवसरहरु बनाउन सक्छौ ? विध्यार्थीहरुका लागि साँस्कृतीक मिल्दो जुल्दो अनुभव सृजना गर ताकि उनीहरुको साथीहरुले सुसमाचार सुन्न सकुन् र खीष्टको शरीरलाई व्यवहार उतारेको हेर्न सकुन । (मर्कूस ४:१–२)

अब हामी गहिरिएर येशू खीष्टको जीवनीबाट उदृढ गरिएको पाँचवटा मुख्य सिद्धान्तहरु हेर्नेछौं ।

खीष्टसँग गहिराइमा जानु (येशूको प्रभुत्व) येशू खीष्टले आफ्नो चेलाहरुको हृदय जान्नुभयो र अन्तमा उहाँको प्रभुत्वमाथी सबै झुक्ने छन् । (फिलिप्पी २:९–११) परमेश्वरले हामीलाई उहाँको राज्य र प्रभुत्व हाम्रो जीवनमा दिनलाई बोलाउनु भयो । यो चाँहि हरेक जवान अगुवाको जीवनको लागि महत्वपूर्ण छ । हामीले आफ्नो विध्यार्थीहरुलाई हामी जहाँसम्म गएका छौं, त्यहाँ सम्म लैजान सक्छौं । जसरी हामी खीष्टको प्रभुत्वमा समर्पित हुन्छौ, हामी क्रमबध रुपमा उहाँ सँगको सम्बन्धमा वृद्धि हुँदै जान्छौं । हाम्रो व्यक्तिगत खीष्टसँगको सम्बन्धलेनै हाम्रो विध्यार्थीहरु माझ येशू खीष्टसँगको सम्बन्ध अरु कुराले भन्दा बढि गरिकन जनाउने गर्छ ।

अगुवाहरुको निर्माण ( सामूहिक अगुवापन) येशू प्रभुले आफ्ना चेलाहरुलाई भेला गराउनु भयो । उहाँले तिनीहरुलाई उहाँलाई पछ्याउन र अरुलाई अगुवाई गर्न सिकाउनु भयो । (मत्ति ४:१९) यूवा अगुवाहरुलाई एउटै लक्ष्य तर्फ लैजान सुसज्जित गर्ने । सक्षम जवान अगुवाहरुलाई तालिमहरुमा र उत्साह आवश्यक छ ताकी उनीहरु व्यक्तिगत जीवनमा बढ्दै जानसकुन् र अरु विध्यार्थीहरुलाई ख्रीष्ट चिनाउन र उहाँमा हुर्काउन सकुन । अगुवापनको झुण्डले जवान अगुवाहरुलाई उत्तम वातावरण र तालिम प्रदान गर्दछ ।

विध्यार्थीहरुलाई चेलापन ((समूहमा चेलापन) येशू प्रभुसँग धैरै चेलाहरु थिए– बाह्र जना भन्दा बढी । त्यही बाह्र जनाबाट ७२ पुग्यो, ७२ देखि १२०, १२० देखि ५००, ५०० देखि ५,००० अनि त्यो भन्दा बढी (लूका १०:१–३)। आजकाल धेरै जवान समूहहरुमा आत्मिक क्षेत्रमा चासो कम भएको देखिन्छ, त्यो झुण्डहरु जसले चेलापन सेवकाईको कुराहरु लागू गरेका छन् त्यसले दुबै आत्मिकी गहिराई र विध्यार्थीहरुको भेलामा वृद्धि ल्याएको छ । चेलापन आत्मिकी र संख्यात्मक रुपमा वृद्धि हुने एउटा साँचो हो । विध्यार्थीहरुले (चेलापन) येशू ख्रीष्टसँगको सम्बन्धद्धारा र चेलापन समूमा राम्रो समय बिताएर आफूलाई विकास गर्ने काम सिक्छन् र युवा अगुवाको सम्बन्धद्धारा प्रभाव हुन्छन् । यी विध्यार्थीहरुले आत्मिकी प्रभाव पार्न सिक्छन् र आफ्नो साथीहरुलाई ख्रीष्टमा ल्याउन शुरु गर्छन् ।

साँस्कृतीमा छिर्नु (व्यक्तिगत प्रचार) – हरेक दिन येशू मानिसहरुसँग हुनुभएको कारण उहाँले उनीहरुको जीवनलाई छुनुहुन्थ्यो । (मर्कूस १:१२,१७) जवान अगुवा भएको करण हामीले पनि मण्डली बहिर विध्यार्थीहरुले प्राय समय बिलाउने ठाउँमा जानुपर्दछ । जब जवान अगुवाहरुले क्याम्पसमा गई विध्यार्थीहरु सँग समय बिताउँछन्, उनीहरुसँग सम्बन्ध बडाउँछन् र उनीहरुको व्यक्तिगत जीवनको गहिराईमा पुग्छन् भने, विध्यार्थीहरुको जीवन परिर्वतन हुन्छ । त्यसपछि हाम्रा विध्यार्थीहरुले आफ्ना साथीहरुलाई येशू ख्रीष्टको बारेमा बताउँदछन् । हामी विध्यार्थीहरुको सँस्कृतीमा जान चाहन्छौं र हाम्रा विध्यार्थीहरुलाई, उनीहरुलाई आत्मिक प्रभाव पार्नको निम्ति सुसज्जित बनाउँछौ ।

बहिर जाने अवसरहरु (बाहिरी कार्य) येशूले भिडलाई आफूतिर खिच्नुभयो (मर्कूस ४:१–२क) । विध्यार्थीहरुलाई प्रभाव पार्न हामीले उनीहरुलाई आफूतिर खिच्न आवश्यक छ । जब हामीले माथी दिएका सिद्धान्तहरुलाई आफ्नो ठाउँमा राख्छौं र राम्ररी यसमा काम गर्छौं भने हाम्रो सेवकाईमा विध्याार्थीहरुलाई आफूतिर खिच्न सक्छौं । आफ्नो साथीहरु ल्याउनको निम्ति, हाम्रा विध्यार्थीहरुलाई हामीले केन्द्र बिन्दु दिन सक्छौं । त्यहाँ उनीहरुलाई सुसमाचारको सत्यता सुनाइन्छ र येशू ख्रीष्टसँग व्यक्तिगत सम्बन्ध निमार्ण गर्नको निम्ति अवसर मिल्नेछ ।

भविषयको सेशनहरुमा हामीले येशू केन्द्रित सेवकाईको हरेक पाँचवटा सिद्धान्तहरुको वृस्तीत रुपमा अध्ययन गर्नेछौं । शुरु गर्नुअघि विध्यार्थीहरुको जीवन परिर्वतनको निम्ति व्यक्तिगत रणनीतिको बिकासको निम्ति परमेश्वरसँग माग्नुहोस ।

कार्य बिन्दु सेशन २

१. मर्कूसको सुसमाचारको १ देखि ४ अध्याय सम्म अध्ययन गर्नुहोस् र यसमा येशू खीष्टको सेवकाईको रणनीतिलाई ध्यान सँग हेर्नुहोस् । यस पाँच मुख्य सिद्धान्तलाई मिल्ने पदहरु लिनुहोस्

खीष्टसँग गहिराइमा जानु (येशूको प्रभुत्व) : ..................................................

अगुवाहरुको निमार्ण (सामुहिक अगुवापन) : ..................................................

विध्यार्थीहरुलाई चेलापन (समूहमा चेलापन) : ................................................

सँस्कृतीमा भित्रनु (व्यक्तीगत सुसमाचा प्रचार) : .............................................

बाहिरकोलागि अवसर जुटाउनु (बाहिरी कार्यक्रम) : .........................................

२. यस पाँच मुख्य सिद्धान्तहरुले तपाईको व्यक्तिगत जिवन र सेवकाईमा कसरी लागू भएको छ मूल्याङ्कन गर्नुहोस् । हरेक तत्वहरुमा हाल तपाईले गरीराख्नु भएको रणनीति र भविष्यमा तपाई के गर्दैहुनुहुन्छ भनि लेख्नुहोस् ।

| | अहिले | भविषयमा |
|---|---|---|
| खीष्टसँग गहिराइमा जानु (येशूको प्रभुत्व) : | | |
| अगुवाहरुको निमार्ण (सामुहिक अगुवापन) : | | |
| विध्यार्थीहरुलाई चेलापन (समूहमा चेलापन) : | | |
| सँस्कृतीमा भित्रनु (व्यक्तीगत सुसमाचा प्रचार) : | | |
| बाहिरकोलागि अवसर जुटाउनु (बाहिरी कार्यक्रम) : | | |

३. तपाईको मण्डलीले यस पाँच मुख्य सिद्धान्तलाई कसरी लागू गर्दैछ सो मूल्याङ्कन गर्नुहोस् ।

| | अहिले | भविषयमा |
|---|---|---|
| खीष्टसँग गहिराइमा जानु (येशूको प्रभुत्व) : | | |
| अगुवाहरुको निमार्ण (सामुहिक अगुवापन) : | | |
| विध्यार्थीहरुलाई चेलापन (समूहमा चेलापन) : | | |
| सँस्कृतीमा भित्रनु (व्यक्तीगत सुसमाचा प्रचार) : | | |
| बाहिरकोलागि अवसर जुटाउनु (बाहिरी कार्यक्रम) : | | |

४. तल दिइएका व्यक्तीहरुको आफ्नो मनमा चित्रण गर्नुहोस् र हरेक विवरणको एउटा नाम लेख्नुहोस्

नौं श्रेणीको उत्साह दिने अगुवा ......................................................

समस्यामा परेको बालक ................................................................

खेलाडी ........................................................................

लजाउने व्यक्ती .......................................................................

तपाईले नाम लेख्नुभएका व्यक्तीहरुको जसलाई अहिले देखि ५ वर्षसम्मको चित्रण गर्नुहोस् । हरेक व्यक्तीको भविष्यको अनुमान लेख्नुहोस् ।

| नाम | भविष्यको अनुमान |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |

५.तपाई र तपाईको मण्डलीले यी व्यक्तीहरु जो पहिलो यस सेशनमा आएका छन्, जसले ख्रीष्लाई ग्रहण गर्दछ, परिपक्व हुँदछ र फल फलाउने फूल हुँदछ, यस्ता विध्यार्थीहरुलाई कसरी सहयोग गर्न सकिन्छ ? तपाईको विचारमा के हुनु आवश्यक छ र किन व्याख्या गर्नुहोस् ।

मैले के गर्नु आवश्यक छ :

मेरो मण्डलीले के गर्नु आवश्यक छ :

६. मर्कूस १:१७ कण्ठ गर्नुहोस र मर्कूसको किताबबाट दैनिकि पढ्न शुरु गर्नुहोस् ।

सेशन ३

येशूलाई प्रभु बनाउनु भाग १

तपाईको कामको पहिलो दिन याद गर्नुहोस् । कस्तो अनुभव गर्नुहुन्छ ? के तपाईले सबै कुरा ठीक तरिका र राम्ररी गर्न सक्नुभएको थियो ? के कसैले तपाईलाई तालिम दिएको थियो ? त्यो सबै गर्नकोलागि तपाईलाई कति लामो समय लाग्यो ?

येशूलाई पछ्याउनको लागि पनि समय लाग्छ । के गर्ने भन्ने थाहा भएको व्यक्तीबाट हामीलाई तालिम लिन आवश्यक हुन्छ । ईसाइ हिंडाइको लागि येशू खीष्ट हाम्रो शिक्षक हुनुहुन्छ । जब उहाँ हाम्रो जीवनको प्रभु हुनुहुन्छ, तब हाम्रो हृदयको इच्छा उहाँको आज्ञा मान्ने र उहाँलाई सबै भन्दा बढि महिमा गर्ने हुन्छ ।

तर येशूलाई हाम्रो प्रभु बनाउनु भन्दा पहिले हामीले उहाँलाई आदार गरेको हुनुपर्छ । के उहाँ आदरको योग्य हुनुहुन्छ ? हाम्रो जीवनको उहाँ किन प्रभु हुन योग्यको हुनुहुन्छ ? किनभने उहाँसँग प्रमाणहरु छन् ।

अधिकार १ उहाँले हामीलाई बनाउनुभयो  येशू खीष्ट परमेश्वरको जीवित वचन हुनुहुन्छ । यूहन्ना १ः १–५ पद सम्म, जहाँ जहाँ वचन शब्द छन् त्यसको सट्टा येशू खीष्ट राखेर पढौं । यूहन्नाको यस पदहरुलाई कलसीको १:१५–१६ सम्मलाई तुलना गरौं । परमेश्वर पिता र पवित्र आत्मा सँगसँगै येशू खीष्टले यस संसार र हामीलाई बनाउनु भयो ।

उहाँले हामीलाई बनाउनु भएको कारण हामी कसरी उत्तम काम गर्न सक्छौं उहाँलाई थाहा छ । भजनसंग्रह १३९ः १३–१६ पढौं । येशू खीष्टलाई हाम्रो बारे सबै थाहा छ । उहाँको अद्धितीय ज्ञानको कारण उहाँ प्रभु हुन योग्यको हुनुहुन्छ ।

अधिकार २ उहाँ हामीसँग परिचित हुनुहुन्छ  एउटा कथा हामी हाम्रो मस्तिष्कमा चित्रण गर्नेछौं, एउटा निडर राजकुमारले आफ्नो देशलाई दुष्ट शासकबाट छुट्याउँदछ । येशू खीष्ट त्यही निडर राजकुमार हुनुहुन्छ । उहाँले परमेश्वर र हाम्रो  पिताको इच्छा अनुसार यस वर्तमान दुष्ट संसारबाट हामीलाई छुट्कारा दिनलाई हाम्रा पापका निम्ति आफैलाई अर्पण गर्नुभयो ।  ( गलाति १ः४)

उहाँ मानिसको रुपमा तेत्तीस वर्ष सम्म रहनुभयो, उहाँलाई हामीले दैनिक सामना गर्ने समस्या र परिक्षाहरु थाहा छ । किनकि हाम्रा प्रधान पूजहारी, हाम्रा निर्बलतामा हामीसँग दुःखीहुन नसक्ने होइन । तर साबै कुरामा हामी जस्तै परीक्षित भएर पनि पापरहित हुनुहुन्छ । हिब्रू ४ः१५ । हामी भोग्ने सबै समस्याहरु उहाँले भोग्नु भयो र पापरहित हुनुभयो यसकारण उहाँ हाम्रो प्रभुहुन योग्यको हुनुहुन्छ ।

अधिकार ३ उहाँले हाम्रो उद्धार गर्नुभयो येशू खीष्ट संसारमा आउनुभयो, उत्तम जिवन जिउनु भयो र हाम्रो पापको लेखि मर्नुभयो । उहाँको मृत्युद्धारा शैतानबाट राज्य गरिरहेको यस संसारलाई सदाको लागि हटाउनुभयो । उद्धार भन्नाले बचाउनु वा तिरिदिनु बुझिन्छ

। उद्धारको अर्को परिभाषा कुनै ठोस मुल्य तिरेर स्वामित्व पुनस्थापना गर्नु भनेर बुझिन्छ । येशूले हाम्रो जीवन कानुनी तवरले शैतानको हातबाट प्राप्त गर्नु भएको छ । उहाँसँग हाम्रो प्रभु हुने अधिकार छ, कारण उहाँले आफ्नो रगतको मोलद्धारा हामीलाई किन्नु भएको छ । तिमीहरु आफै त आफ्ना होइनौ, किनभने तिमीहरु दाम तिरेर किनिएका हौ । (१ केरन्थी ६:१९–२०)

हाम्रो जीवनमा प्रभु हुनलाई येशूसँग अधिकारहरु छन् । त्यसोभए त्यसले हामीलाई के बताउँदछ ? यसले हामीले कसरी प्रभु भनि परिभाषा गर्छौं त्समा निर्भर हुन्छ । नयाँ नियममा तीनवटा ग्रीक शब्दहरु छन् जसले येशू प्रभु हुनुहुन्छ भनि परिभाषा गर्दछ । अब हामी ती तीन शब्दहरु र यसको अङ्गेजीमा हुने शब्दहरु हेर्नेछौं ।

डेस्पोटेस (मास्टर) यस मास्टर भन्ने शब्दले त्यो व्यक्ती जसमा शक्ति छ भन्ने बताउँदछ । किनभने येशूसँग सिमित शक्ति थिएन, उहाँले जस्तो सुकै परिस्थितिलाई ठीक गर्न सक्नुहुन्थ्यो ।

बासिलुअस (मोनार्क) यस खालको राज्य गर्ने सँग सबै शक्ति र अधिकार हुँदछ । मोनार्क शब्द कानुन हो । येशू खीष्ट अरु राज्य गर्नेहरु भन्दा महान हुनुहुन्छ, उहाँको शब्द कानुनी मात्र नभएर सधै सत्यता र आधिकारीक हुँदछ । उहाँको अधिकारनै अन्तिम अधिकार हो ।

क्यूरियोस (लर्ड) त्यो व्यक्ती जो प्रभु हुन्छ, त्यो नै मालिक हुँदछ । क्यूरियोसले अधिकार जनाउँदछ, साथै बुद्धि र प्रेम पनि जनाउँदछ । जब येशू हाम्रो प्रभु हुनुहुन्छ, उहाँ विवेकी र प्रेमिलो मालिक हुनुहुन्छ ।

प्रेरित पावलले येशू खीष्टको प्रभुत्व कसरी परमेश्वले येशूको मृत्यु, गाडिएको र पुनरुथान गर्नुभएको नतिजाबाट बताउँदछ । त्यसैकारणले पनि परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँ भन्दा उच्च छ । कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएका हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले येशू खीष्टलाई प्रभु हो भनि स्वीकार गर्नुपर्छ । फिलिप्पी २: ९–११

येशू हाम्रो प्रभु हुन योग्यको हुनुहुन्छ । उहाँसँग अधिकारहरु छन् । उहाँलाई परमेश्वरले हाम्रो जीवनमा शासन गर्न अधिकार दिनुभएको छ । उहाँ हाम्रो जीवनमा विवेकी र प्रेमिलो मालिक हुन चहानुहुन्छ । हामीले उत्तर दिने प्रश्न साधरण हुनुपर्छ । के मेरो जीवनमा येशूलाई प्रभुत्वमा राख्न मैले मेरो जीवन उहाँमा समर्पण गरेको छु ? येशू खीष्ट सँगको व्यक्तिगत सम्बन्धको प्रश्नमा हाम्रो प्रतिक्रिया जटिल पूर्वक हुन सक्छ, साथै यसले अरुहरुलाई अत्मिक तवरले अगुवाई गर्ने सक्षमता जनाउँद । यदि येशू हाम्रो जीवनको प्रभु हुनुहुँदैन भने हामीले कसरी अरुहरुलाई उहाँसँगको सम्बन्धमा गहिराईमा लान सक्छौं ? हामी अघि बढ्न अगाडि यस विचारलाई ध्यान दिनेछौ ।

कार्य विन्दु सेशन ३

१. प्रभु शब्दको तीनवटा भिन्दा भिन्दै परिभाषाहरु हेर्नेछौं । त्यस पछि तपाईको आफ्नै बुझाइ अनुसार प्रभु शब्दको अर्थ परिभाषित गर्नुहोस् ।

२. येशू खीष्टलाई आफ्नो जीवनको प्रभु बनाउन यी दुई कार्यहरु गर्नसक्नुहुन्छ । पहिलो उत्कट इच्छा गर्नुहोस् । (भजनसंग्रह ६३:१) मा भजनकारले लेख्दछ : हे परमेश्वर, तपाई मेरो परमेश्वर हुनुहुन्छ, म तपाईलाई बिहानै खोज्नेछु, पानीमा नभएको ओबानो र बाँझो जमीनमा मेरो प्राण तपाईको निम्ति तिर्खाउँछ, मेरो शरीरले तपाईको अभिलाष गर्छ । उत्कट् इच्छाको मात्रा कसरी बढाउने ? जब तपाई आफ्नो जीवनमा आफ्नै कोशिसले थकित र निराश हुनुहुन्छ, त्यस समयमा तपाई परमेश्वरले उहाँको इच्छामा गर्न दिनुहुन्छ । के तपाई इच्छुक हुनुहुन्छ ? येशूमा केन्द्रीत हुनकोलागि उत्कट इच्छा प्रक्ट गर्ने दास्रो उपाय । जब तपाई उहाँ वास्तविक को हुनुहुन्छ भनि देख्नु हुन्छ, तब तपाईसँग उहाँलाई अझै धन्यवादी हुने र प्रशंसा गर्ने चहाना हुँदछ । यस समयनै येशूलाई चहाना गर्ने निर्धारित गर्नुहोस । इमान्दार हुनुहोस ।

३. विश्वासका साथ अहिलेनै कदम चाल्नुहोस । जब हामी येशूको आज्ञा पालन गर्छौं, उहाँले हामीमा उहाँको प्रभुत्वको चाहना अझै बढाउँदै लानुहुन्छ । उहाँले तपाईको आज्ञाकारीतालाई आदर गर्नुहुन्छ । तल दिएका खाली ठाउँ भर्नुहोस ।

आज, मिति ......./...../....., मेरो जीवनमा येशूको प्रभुत्वको प्रतिक्रियाहरु निम्न आज्ञापालनका कदमहरु चाल्दछु :

सहि .......................................

४. आफैलाई येशूको प्रभुत्वको प्रतिक्रिया दिन उत्साहको निम्ति फिलिप्पि २:९–११ सम्म कण्ठ गर्नुहोस ।

सेशन ४

## येशूले प्रभु बनाउनु, भाग २

हरेक नयाँ वर्ष मानिसहरुले आफ्नो नराम्रा बानीहरु त्यागन र राम्रा बानीहरुलाई निरन्तरता दिनलाई प्रतिबद्धता गर्दछन् । तर त्यस राम्रो विचार जनवरीको मध्य तिरनै बिर्सिपठाउँछन् । जीवनमा प्रतिबद्धता बनाउनु भन्दा येशूलाई हाम्रो जीवनको प्रभु बनाउनु धेरैनै उत्तम हुँदछ ।

येशू सँगको उत्तम हिंडाई हिड्न उहाँले हामीलाई बोलावट दिनुभयो । त्यो उत्तम पन उहाँको शत्तीद्धारा हाम्रो आज्ञाकारीताको नतिजामा देखा पर्दछ । त्यस आज्ञाकारीताले हामीमा के मूल्य दिदंछ ? इमान्दारी पूर्वक हेर्नेछौं ।

मून्य चुकाउनु

येशले आफुलाई पछ्याउन के मूल्य चुकाउनुपर्छ भनि आफ्ना चेलाहरुलाई बताउनु भएको थियो । तब येशूले आफ्ना चेलाहरुलाई भन्नुभयो,'कोहि मेरोपछि आउने इच्छा गर्दछ भने उसले आफूलाई इन्कार गरोस् र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् । किनकि जसले आफ्नो प्राण जोगाउने इच्छा गर्ला, उसले त्यो गुमाउनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउला, त्यसले त्यो पाउनेछ । (मत्ती १६:२४–२५) आफूलाई पछ्याउने बारेमा येशूले एक्दमै कडा वाक्य प्रस्तुत गर्नुभयो । उहाँले हामीलाई आफ्नो जीवन उहाँको खातिर समर्णपन गर्न लगाउनुभयो । हामी कसरी त्यो गर्न सक्छौं ?

हाम्रो जीवन गुमाउनुले हामीले आफैलाई त्यागनुलाई समावेश गर्दछ । यस अंशमा धेरै पटक आफैलाई इन्कार गर भन्ने शब्द पाउँदछौं । यसले यो बताउँदछ कि हामीले आफू केन्द्रीत र आफ्नो महत्वकांक्षीहरुलाई त्याग गरी येशूको कृपा खोज्ने इच्छा गर्नुपर्दछ । संसारले भन्दछ ' एक नम्बरलाई हेर' तर येशूले एक नम्बरलाई नहेर किनकि हाम्रो हेरचाह गर्ने जिम्मेवारी उहाँले लिनुभएको छ । हामीले हाम्रो जीवनको बारे चिन्ता लिनु पर्दैन ! जब हामी हाम्रो व्यक्तीगत चहानाहरुले घेरिएको हुन्छौं, त्यसले हामीलाई प्रेरीत गर्दछ भन्ने उहाँलाई थाहा छ ।

हाम्रो जीवनलाई गुमाउनुले आफ्नो क्रुस बोक्नुलाई समावेश गर्दछ । प्रेरित पावलले आफ्नो क्रुस बोक्ने व्यक्तिको राम्ररी चित्रण गरेको छ । हामीले अघिबाटनै कण्ठ गरिसकेको फिलिप्पी २:९–११ सम्म हेर्नसक्छौं जसले कसरी परमेश्वले येशूलाई उचाल्नु भएको कुरा लेखिएको छ । तर यस भन्दा अघिका पदहरुमा हामी हेर्न सक्छौं फिलिप्पी २:५–८ मा पावलले येशू उचालिनु भन्दा अघि उहाँले के गर्नुभयो भनिपनि भन्दछ । उहाँले आफैलाई केहि पनि ठान्नुभएन, उहाँले आफैलाई दासको रुपमा प्रकट गर्नुभयो । उहाँले आफैलाई नम्र पार्नुभयो । उहाँ मृत्यु सम्मै आज्ञाकारी हुनुभयो । आफ्नो पिताको आज्ञाकारी दासले जसरी उहाँले आफ्नो क्रुस आफैले बोक्नु भयो । यसरीनै हामीले पनि आफ्नो क्रुस बोक्नु पर्छ । परमेश्वरमा तुलना गरी आफैलाई केहिको पनि नठानि, दास बनेर, आज्ञाकारी भएर, मृत्युको घडि सम्मै ।

हाम्रो जीवनलाई गुमाउनुले येशूलाई पछ्याउनुलाई समावेश गर्दछ । येशूलाई पछ्याउनु भन्नाले उहाँसँग पाईला पाईलामा उहाँको साथी जसरी हिड्नुलाई भन्दछ । यो गर्नको लागि हाम्रो जीवनमा येशूको उद्देश्यसँग र आफैलाई समर्पण गर्न तयारी साथ सहमत हुनुपर्छ । जब हामीले उहाँकति अविश्वसनीय हुनुहुन्छ भनि देख्छौं, त्यतीनै उहाँमा समर्पण गर्न इच्छुक हुन्छौं ।

फाइदाहरु लिनु

यदि हामीले येशूलाई आफ्नो जीवनको प्रभु भनि स्विकार गर्छौं र आफैलाई इन्कार, आफ्नो क्रुस बोक्छौं र येशूलाई पछ्याउछौं भने तल दिएका उपहारहरु हाम्रोलागि हुनेछ । हाम्रो जीवनमा येशूलाई प्रभु बनाउँदा धेरै फाइदाहरु पाउँछौं ।

हामीले उत्तम निर्णय गर्दछौं । जब येशू हाम्रो जीवनको प्रभु हुनुहुन्छ, हामी परमेश्वरको इच्छाको केन्द्रमा जिउँछौ । परिणाम स्वरुप परमेश्वले हामीलाई ठोस निर्देशन दिनुहुन्छ । ( हितोपदेश ३:५–६)

हामीले सन्तुष्टि पाउनेछौं । सोच्नुहोस् तपाईलाई तीर्खा लागेको बेलामा तपाईको मुख कस्तो हुन्छ? येशू हाम्रो आत्मिक “प्यास मेटाउने” हुनुहुन्छ (यूहन्ना ४:१०–१४) । येशू “जीवनको पानी हुनुहुन्छ” जो हामीमा भएर बग्दछ र हाम्रो सबै आवश्यकताहरुलाई सन्तुष्ट पार्दछ ।

हाम्रो स्वभावहरुमा परिर्वतन आउँदछ । तर हामी जान्दछौं, परमेश्वरलाई प्रेम गर्नेहरु र उहाँका इच्छाअनुसार बोलावट भएकाहरुका निम्ति पनि सब कुरा मिलेरनै तिनीहरुका भलाईको निम्ति काम गर्दछन् । किनभने जस जसलाई उहाँले अघिबाटै चिन्नुभएको छ, उहाँले तिनीहरुलाई आफ्ना पुत्रको रुपमा बनाउनलाई पनि, र धेरै भाइहरुमध्ये उहाँ जेठो होऊन भनेर पनि अघिबाटै नियुक्त गर्नुभयो । (रोमी ८:२८–२९) उहाँको अभिप्राय अनुसारको बोलावट भन्नाले उहाँ मेरो जीवनको प्रभु  हुनुहुन्छ भन्नु हो । आफ्ना पुत्रको रुपमा बनाउनु भन्नाले हाम्रो जीवनमा येशू जस्तै हुँदै जानु भन्नु हो ।

हाम्रो भविषयमा आशा हुन्छ । धेरै कुराहरुले जीवन संघर्षमय बनाउँदछ : प्रेम गरेकालाई गुमाउनु, आफ्नो अपराधका कारण अरुबाट घृणा, जागिर नपाउनु, इत्यादि । जति सुकै नराम्रो अवस्था भएपनि केहि छैन कारण हामीसँग उज्जवल भविषय छ ! यदि हाम्रो गाह्रो अवस्थामा पनि विश्वास साथ जिउँछौ भने समय आउँदछ उहाँले आफुले गर्नुभएको प्रतिज्ञा पुरा गर्नुहुनेछ र हामी पनि येशूसँगै राज्य गर्नेछौं । (२ तिमोथी २:११–१२)

हामी विजेता हुनेछौं । येशूले हामीलाई जीवन र मृत्युमा विजेता बनाउनु भयो । “परमेश्वरलाई धन्यवाद होस् ! जसले हामीलाई प्रभु येशू खीष्टद्धारा विजय दिनुहुन्छ ।”  (१ कोरिन्थी १५:५७ ) जब येशू हाम्रो प्रभु हुनुहुन्छ, हामी उहाँसँगै अन्नतको विजय बाड्छौं ।

मत्ति १६:२४–२५ मा केन्द्रीत हुनुहोस। जसले आफ्नो प्राण गुमाउला, उसले त्यो पाउनेछ । जिम एलिओट, एक मिशेनरी जो एओका इन्डियनहरुद्धारा सन् १९५५ मा मारिएका थिए, उनले

आफ्नो दैनिकीमा लेखेका थिए : गुमाउन र फाइदा बनाउन नसक्ने कुरा दिने मानिस मुर्ख होइन । (*Shadows of the Almighty, Elizabeth Elliott, Harper and Row*)

यसलाई यस प्रकारले सोच्नुहोस : हामीले येशूलाई आफ्नो रित्तो जीवन दिएकाछौं, र उहाँले हामीलाई खाली चेक दिनुभएको छ । हाम्रो खाली जीवनमा, उहाँले इच्छा गर्नुभएको कुरा लेख्न दिन्छौं । फिर्तामा, उहाँले हामीलाई प्रतिज्ञा गर्नुभए बमोजिम उहाँले दिनुभएको खाली चेकबाट पैसा निकाल्न सक्छौं । उहाँले गर्नु भएका प्रतिज्ञाहरु (रोमि ८:३२, एफिसि १:३ र २ पत्रुस १:३ ) मा पाउँछौं ।

नयाँ वर्षको प्रतिबद्धता रहिरहनेछैन, तर खीष्टलाई हाम्रो जीवन अपर्ण गर्दा रहिरहन्छ । उहाँलाई मनाउनु र पुरै दक्षताले उहाँमा पुग्नु यो एउटै माध्यम हो ।

कार्य विन्दु सेशन ४

१. रोमी १२:१–२ सम्म अध्ययन गरौं । व्यक्तिगत रुपमा येशूलाई प्रभु बनाउन व्यवहारीक कारणहरु हेर्नेछौं । बुँदागत रुपमा तल लेख्नेछौं ।

२. रोमी १२:१–२ मा हामीले कसरी रोक्ने भन्ने कुराके पनि उत्तर छ, “संख्या बाहिबाट हेर्नेछौं ”

तपाईको विचार (२ तिमोथी ५:२७–२८)

के तपाई किताबहरु र पत्रपत्रिकाहरु पढ्नुहुन्छ, अथवा फिल्मिहरु हेर्नुहुन्छ जसले तपाईको विचारलाई अशुद्ध बनाउँदछ ? के तपाई विपरी लिङ्ग प्रति आफ्नो सोचाईलाई नकारात्मक विचार तर्फ जानदिनुहुन्छ ?

तपाईको सम्बन्ध -मत्ति ५:२३–२४, ६:१२–१४)

तपाईको नराम्रो सम्बन्ध भएका व्यक्तिहरुको नाम लेख्नुहोस् । के तपाई कोहि सँग रीसाईराख्नु भएको छ ? के तपाईको अभिभावक, पति–पत्नी, नानीहरु र अरु परिवारका सदस्यहरुसँग राम्रो सम्बन्ध छ ?

तपाईको विचार (एफिसि ४:३१–३२, फिलिप्पी २:१४–१५)

के तपाई कुनै व्यक्तीको बारे खराब विचार राख्नुहुन्छ ? के तपाई असन्तुष्ट व्यक्त गर्नुहुन्छ ? मन दुखाउनु ? आलोचना ? के तपाई झुट, चोर्ने र छल गर्नुहुन्छ ?

तपाईको चहाना (मत्ति ६:३३, कलस्सी ६:९–१०)

के तपाई वस्तुमा बढि रुचि राख्नुहुन्छ ? (कपडा, गाडि, पैसा कमाउने)

तपाईको शारिर (१ कोरिन्थी ६:१९–२०)

के तपाई आफ्नो शरिर प्रति वेवास्ता गर्नुहुन्छ ? के तपाईको केहि बानीहरु छन् जसले तपाईको शरिरलाई साङ्गरो अथवा कमजोर बनाइरहेको छ ?

३. फिलिप्पी २:३–११ सम्म पढ्नुहोस र अध्ययन गर्नुहोस । तपाईसँग खीष्टको मन छ । तपाईको विचार, सम्बन्ध, सोच, चाहना र शरिरलाई उहाँको विचार, सम्बन्ध, सोच, चाहना र तपाईको शरिरलाई उहाँको चाहनामा रुपान्तरण हुनकोलागि के हुन आवश्यक छ ? परमेश्वरले तपाईलाई हरेक क्षेत्रमा लान चाहनु हुन्छ भनि तपाईको विश्वासको एउटा कार्य लेख्नुहोस । तपाई कुन कार्य पहिला गर्न चाहनुहुन्छ ? यस कार्य गरेबापत नतिजा लेख्नुहोस ।

| कार्य | प्रार्थमिक्ता | परिमाण |
|---|---|---|

४. मत्ति १६:२४ कण्ठ गर्नुहोस र मर्कूसको किताबमा दैनिक शान्त समय बिताउनुहोस ।

ध्यान दिनुहोस् : यदि हामी आफैमा मर्छौं भने, परमेश्वरले हामीमा उहाँको जीवन हालीदिनु हुन्छ ।

सेशन ५

अगुवा बन्नु भाग १

जब तपाई युवाहरु सँग काम गर्दैहुँदा तपाईले कहिले सोध्नुभएको छ, म यो किन गर्दै छु ? जब तपाई विध्यार्थीहरु माझ काम गर्नुहुन्छ कहिलेकाँही तपाईलाई निराश बनाउन सक्दछ यसकारण तल दिएका कार्यहरुलाई अवलोकन गर्नुहोस् ।

- संगति सकेपछि चिया र बिस्कुट बाड्ने ।
- गाडीको सिसा जतिखेर पनि फुट्ला जसरी ठूलो स्वमा गीत बजाएर जवानहरुसँग गाडीमा बाहिर जाने
- रीट्रिमा पकाएर एकजनाले पनि धन्यवाद नदिंदा
- सन्डे स्कुलमा रहन नचहाने विध्यार्थीहरुलाई पढाउँदा
- अल्छिलागेका जवानहरुलाई साँझको संगति चलाउनु पर्दा
- साना नानीहरुले गीत नगाउँदा उनीहरुलाई सिकाउँदा

के तपाईले कहिले सोच्नुभएको छ, मैले आफुले के अनुभव गरे, भन्दा बढि युथमा धेरै काम हुनुपर्छ । यदि त्यसो हो भने तपाई जहाँ हुनुहुन्छ, सहि हुनुहुन्छ । अगुवापनमा पकाउनु, चिया बाड्नु वा गाडि चलाउनु भन्दा बढि अरु पनि पर्छ । हरेक सेवा गर्ने कार्यहरु महत्वपुर्ण छन्, तर ती कुनैले पनि विध्यार्थीहरु बीच मण्डली अथवा समाजको आत्मिकि अगुवा हुन साटोको काम गर्दैन ।

वेबस्टरले अगुवापनलाई यसरी व्याख्या गरेका छन्, “अघि गएर वा सँगसँगै हिडेर मार्ग देखाउन सक्ने खुबि अथवा अरुको कार्यलाई देखाइदिने” हामी यस व्याख्यालाई हेर्ने हो भने, अगुवा बन्न एउटा कुरा देखा पर्दछ । हामी आफै त्यस ठाउँमा नपुगे सम्म अरुलाई त्यस ठाउँमा लान सक्दैनौ । अर्को शब्दमा, हाम्रो जीवनको गुणले, हाम्रो प्रभावको गुणलाई संकेत् गर्दछ । जब हामी विध्यार्थीहरुलाई सेवकाई गर्दछौ, हामीले ध्यान दिनु पर्ने कुरा यदि म आफ्नो आत्मिक जीवनको गहिराईलाई वास्ता गर्दछु,

येशूमा अगुवापनको जीवनशैली निश्चित थियो । उहाँको अगुवापनको दृष्टी चार भागमा व्यक्त गर्न सकिन्छ । (१) म गर्छु (२) म गर्छु र मेरा विध्यार्थीहरु मसँग छन् (३) मेरो विध्यार्थीहरु गर्नुहोस र म तिमीहरुसँग छु  र (४) मेरा विध्यार्थीहरु गर्नुहोस र म उत्साह दिन तिमीहरुको पछि छु ।

म गर्छु

येशूले भन्नुभयो, मसँधै उहाँलाई प्रशन्न तुल्याउने काम गर्छु (यूहन्ना ८:२९)। परमेश्वरले अह्र्याउनु भएका सबै काम पूरा गर्नलाई येशू प्रतिबद्ध हुनुहुन्थ्यो । हामीले पनि अरुहरुलाई प्रभावकारी पूर्ण अगुवाई गर्नको निम्ति, परमेश्वरमा यहि मार्ग अपनाउन आवश्यक छ ।

परमेश्वर, मसँधै उहाँलाई प्रशन्न तुल्याउने काम गर्न चाहन्छु । अरुहरुले हामीलाई पछ्याउन चाहना गर्ने हाम्रो जीवनशैली हुन आवश्यक छ । यदि हामी परमेश्वरसँगै हिंडेको छैनौ, हरेक दिन

उहाँमा समय बिताई उहाँलाई प्रशन्न तुल्याउने कामको चाहना गर्दैनौ भने वचन मनन गर्ने, हाम्रो ख्रीष्टिय आशा बाड्दैनौ, अथवा अरुलाई प्रेम बाड्दैनौ भने हामीले अगुवाई गरेका विध्यार्थीहहरुबाट पनि यी कुराहरुको आशा गर्नसक्दैनौ । जब हामी परमेश्वर पितालाई प्रश्न्न तुल्याउँदछौं, अरुहरुले पनि हामीलाई पछेयाउने भाहना गर्दछन् । पावल परमेश्वरसँगको व्यक्तिगत सम्बन्धमा निश्चित थियो यसकारण अरुहरुलाई उनी भन्छन् मलाई पछ्याओ (१ कोरिन्थी ११:१) । जब परमेश्वरमा हामी आज्ञाकारी हुन्छौं हामीमा पनि यस किसिमको निश्चयता आउँदछ ।

म गर्छु र मेरा विध्यार्थीहरु मसँग छ

केहि मिनेट लगाएर यूहन्ना १३:१–१० सम्म पढ्नुहोस । यस पदहरुमा येशू एउटा मानिस हुनुहुन्छ जो आफ्नो चेलाहरुको सेवा गर्न चाहनुहुन्छ । उहाँले यो वास्तिविक सफा र छर्लङ्ग रुपमा गर्नुभएको छ । हरेक दिनको परिस्थितिमा उहाँले आफ्ना चेलाहरुलाई उहाँको सेवकपन प्रमाणित गर्नुभयो । जस्तै चेलाहरुको गोडा धुनुभयो । जब हामी अरुहरुलाई हाम्रो सफा हृदयले सेवा गर्छौंभने उनीहरुले हामीबाट धेरै कुराहरु सिक्ने छन् ।

जब म एउटा विध्यायलयको केन्ट नाम भएको विध्यार्थीलाई चेला बनाउने क्रममा थिए त्यसबेला मेरो वास्तविकताको महत्वको बारेमा मलाई छर्लङ्ग भयो । मेरो घरको केहि सोफाहरु हटाउनको निम्ति मैले उसँग सहयोग मागेको थिए । जब हामीले पहिलो सोफा हटायौं, त्यहाँ भित्तामा मेरो नानीहरुले खसाएका थुप्रै फोहरहरु भेट्यौं (खेलौनाहरु, अरु फोहरुहरु) । मैले केन्टलाई हेरे र उसले के सोच्दै थियो भन्ने मलाई थाहा थियो । फोहर एकदमै फोहर ।

हामी पहिलो सोफा भएको ठाउँमा भऱ्याङ्ग हुँदै बेड राख्न तल झऱ्यौं । हामीले त्यसलाई ठाउँमा राख्यौं र जब हामीले त्यो खोल्यौं सिरानी जत्रो ठूलो सामान भूईँमा खस्यो । केन्टको मुहारमा खिस्याउँदो हाँसो मैले देखे । उसले के सोच्दै थियो मैले भन्न सक्थे । कस्तो सस्तो सोफा

अब अर्को सोफलाई पनि सार्नु थियो, तर यो समय हामीले विचार गर्नुपर्ने समस्या थियो । सोफा ८०" ३५ को थियो भने यसलाई लिएर जानुपर्ने  ढोका ७९"२९" को थियो ।हामीले धकेल्यौं, धकेल्यौ, हाम्रो औंलाहरु पनि ठोकियो । हामी निरास र रिसायौ पनि । जब हामीले ६ इन्चको दुलो भित्तामा पाऱ्यौं म रिसाए । पछि मैले उसलाई मलाई माफ गर भनि भने । किन्टले मैले मिहेनत गरेको देखेको थियो । उसले मेरो बल र बुद्धिमात्र नभई मेरो कमजोरीहरु पनि देख्न थालेको थियो ।

जब हामी अरुहरुलाई अगुवाई गरेर हामी भएको ठाउँमा लिएर आउँदछौ, प्रकृतीक अनुसार हाम्रो बसमा नभएका कुराहरुलाई हामीले छोप्न खोज्छौ । तर हामीलाई आफ्नो सत्यताबारे थाहा छ । हामीलाई त्यो लुकाउन आवश्यक छैन । उनीहरुलाई अगुवाई गर्ने भाग भनेको नम्रपन हो । यस किसिमको व्यवहारले हामीलाई म कैले पनि त्यसतो हैन भन्ने कुरालाई सोच्न लगाउँदछ । अर्को शब्दमा भन्नुपर्दा , जब हामी खुल्ला र ईमान्दार हुन्छौं, त्यस पछि त्यो व्यक्तिले भन्छ, उ सिद्ध छैन, म उसलाई चिन्नछु , म आफै ख्रीष्टलाई पछ्याउँछु ।

जब मानिसहरुले हाम्रो जीवनको परिस्थितिहरु देख्नेछन्, त्यसपछि पावलले के भन्न खोजेको हामीले थाहा गर्नेछौं । (२ कोरिन्थी १२:१९) हाम्रो कमजोरीमा परमेश्वरलको उत्तम शक्ति छ भनि पावल साथै हामीले पनि थाहा गर्नसक्छौं ।

अगुवापन हाम्रो जीवन शैली हो– हाम्रो जीवन शैली– नमूनाको छाप पार्नु र सेवकको अगुवापन । यस प्रकारको अगुवापनले विध्यार्थीहरुको जीवनको पछि सम्म पनि छाप पार्दछ ।

कार्य विन्दु सेशन ५

१. यस सेशन पूर्व, तपाईले जवान अगुवा भएको कारण तीनवटा मुख्य जिम्मेवारीहरु के के लिस्ट बनाउनु भएको छ ?

२. यूहन्ना १३:१–१० सम्म अध्ययन गर्नुहोस । येशूले कस्तो खालको अगुवापनको बारेमा बताउनु भएको छ ? यस प्रकारको अगुवापन किन आवश्यक छ ?

३. के तपाई मेरो उदाहण पछ्याउ भन्न सहज हुनुहुन्छ ? किन ? किन हुनुहुन्न?

४. तपाईका के कार्यहरु अहिले एक्लै गर्दैहुनुहुन्छ, तर अब केहि विध्यार्थीहरुलाई समावेश गर्न चहानुहुन्छ ? कम्तिमा ३ वटा लेख्नुहोस ।

१.

२.

३.

५. सफा अगुवा बन्न तपाई कस्तो अनुभव गर्नुहुन्छ ? तपाईमा के को डर छ ? त्यस डरलाई हटाउन तपाई के गर्नुहुन्छ ?

६. २ केरिन्थी १२:९ कण्ठ गर्नुहोस र तपाइको परमेश्वर सँग दैनिक समय बिताउनु होस र मकूर्सको किताब पढ्नुहोस ।

सेशन ६

## अगुवा बन्नु भाग २

तपाईले विगतका दिनहरुमा अगुवाई गरेको अनुभवको बारेमा सोच्नुहोस्, जसमा तपाईले महसुस गर्नु भएको थियो कि तपाईलाई कसैले पनि पछ्याएको थिएन । साँच्चैनै, अगुवापन त्यस किसिमको होइन । जब तपाई अगुवाई गर्नुहुन्छ, मानिसहरुले तपाईलाई पछ्याएको हुनुपर्छ । जब हामी अघिका सेशनहरुमा छलफल गरेका दुई सिद्धान्तहरुलाई पालना गर्छौं भने, हाम्रो दैनिक जियाईले विध्यार्थीहरुलाई हामीलाई पछ्याउने चाहाना उत्पन्न गराउँछ । जब हामी विध्यार्थीहरु सँग मित्रता बढाउँछौं, हामीले भनेका कुराहरु उनीहरु सुन्न रुचाउँछन् कारण हाम्रो जियाईले उनीहरुलाई प्रभाव पारेको हुँदछ । पहिलो दुई अगुवापनको सिद्धान्तहरु “म गर्छु” र “म गर्छु र मेरा विध्यार्थीहरु मसँग छन्” भन्ने हाम्रो उदहारण र हाम्रो सेवक अगुवापनले विध्यार्थीहरुलाई येशू खीष्टसँगको व्यक्तिगत सम्बन्धमा हुर्कन सहयोग पुऱ्याउँदछ । अर्को दुई अगुवापनको सिद्धानतले विध्यार्थीहरुलाई नमुना बन्न सहयोग गर्ने नमुना र आफैमा सेवक हुने केन्द्रलाई परिवर्तन गर्दछ ।

कसैले भनेका छन्, “ तपाई माछा समातेर कसैलाई एक दिन खुवाउन सक्नुहुन्छ, वा तपाई उसलाई माछा समात्ने तरिका सिकाउन सक्नुहुन्छ र उसले आफ्नो जीवनभरी खान सक्छ ।” येशूले आफ्ना चेलाहरुसँग यसै गर्नुभयो । उहाँले सफासँग अगुवापनको अर्को सिद्धान्त गरेर देखाउनु भयो । “मेरा विध्यार्थीहरु गर र म उनीहरु सँग छु” र “मेरा विध्यार्थीहरु गर र म तिमीहरुको छेऊमा उत्साह दिनकोलागि छु ।”

मेरा विध्यार्थीहरु गर र म तिमीहरु सँग छु

येशूले सेवकाई गर्नुभएको उहाँका चेलाहरुले देखेका थिए, अब उनीहरु आफैले सेवकाई गर्ने समय आएको थियो । उहाँले पहिलो पटक ७२ जनालाई दुई जनाको झुण्डमा उहाँको अघि गएर उहाँ आउँदै हुनुहुन्छ भनि “ब्वाँसोहरुको बीचमा भेडाहरुलाई पठाएको जसरी” पठाउनु भयो (लूका १०:१–३) । उनीहरु त्यहाँ पुगिसकेका थिए । तर येशू कहिले पनि उनीहरु भन्दा टाढा हुनुहुन्थेन । उहाँले चेलाहरुलाई गर्न सिकाउनु भएको आफूले गर्नुभएको पहिलो अनुभव उनीहरुलाई दिनुभएको थियो । उहाँले उनीहरुलाई सिकाउनु भएको सत्यता र दक्षता उनीहरुको हृदयमा जरा गाडेको र उनीहरुको काममा पनि चलाएको उहाँ चाहानु हुन्थ्यो । उहाँ उनीहरुलाई काम दिने तालिम दिनुभयो ।

त्यसो भए उहाँले के गर्न सिकाउनुभएको थियो ?येशूको यो चार तहको सेवकाईमा “यो” भन्नाले के बुझिन्छ ? येशूले उनीहरुलाई के गर्न सिकाउनु भएको हामी केहि पदहरु हेर्नेछौं ।

यशैया ६१:१–३ मसिह ३ वटा सेवकाई गर्न आउँदै हुनुहुन्छ । १) सुसमाचार प्रचार गर्न २) टुटेका हृदयलाई जोड्न ३) बन्दनमा परेकाहरुलाई छुट्कारा दिन ।

लूका ४:१८–१९ येशू मसिह बनेर आउनुभयो र यशैयाद्धारा अगमवाणि गरिएको कुरा पुरा गर्नुभयो । (यशैया ६१: १–३) उहाँ १) सुसमाचार प्रचार गर्न २) टुटेका हृदयलाई जोड्न ३) बन्दनमा

परेकाहरुलाई छुट्कारा दिनको निम्ति आउनुभयो । जब हामी सुसमाचारको पानाहरु पल्टाउँदै जान्छौ, येशूले ती कामहरु गर्नुभएको हामीले देख्न सक्छौं । उहाँका चेलाहरुले उहाँसँगै रहेर उहाँले गर्नुभएका कार्यहरु देखेका थिए । हरेक दिन उनीहरुले प्रचार गरेको, अन्धाले देख्न सकेको, लङ्गडो हिड्न सकेको भूतआत्मा लागेकाहरुले छुट्कारा पाएको देखेका थिए ।

अब मकूर्स ६:१२–१३ सम्म हेर्नेछौ । कसले यो गर्दैहुनुहुन्छ ? येशूले हैन, तर उहाँका चेलाहरुले गर्दैछन् । उनीहरुले १) प्रचार गर्दै थिए कि मानिसहरुले पश्चताप गर्नुपर्छ २) बिरामीहरुलाई तेलले अभिषेक गरेर निको बनाउँदै थिए ३) भूतआत्माहरु निकाल्दै थिए एउटा मात्रै हैन तर धेरै । येशूको सेवकाइ – उनीहरुले गर्दै थिए ।

अब अर्को बिद्रोहमा के आउँदछ ? यूहन्ना १४:१२ मा येशूले भन्नुभएको छ, '....... जसले मलाई विश्वास गर्दछ, त्यसले मैले गरेको काम पनि गर्छ, तीभन्दा ठूला काम पनि गर्नेछ, किनभने म पिताकहाँ जान्छु । येशूको सेवकाई कसले गर्ने ? जोसुकै ! जस्तै तपाई र मलाई समावेश गर्दछ ? तपाई बाजी लगाउनुहुन्छ ! तर दुख लाग्दो यस अवसरलाई आज धेरै मण्डलीहरुले हामीबाट ओसिरहेका छन् । तर यो प्रतिज्ञा, तपाई र मेरो निम्ति हो । वास्तवमा यदि हामी येशूको सेवकाई गर्दैनौ भने, हामी कहिले पनि ती विध्यार्थीहरु जसले येशूलाई चिनेका छैनन् त्यहाँ सम्म पुग्न सक्दैनौं, जोहरु टुटेका हृदय छन् र चंगाईको आवश्यक छ, र जोहरु रक्सी, ड्रग्स र योनको कुलतमा फसेका छन् । येशूको सेवकाई बिना उनीहरुमा आशा हुँदैन ! र हामीहरुले यो गर्न पर्छ ।

मेरा विध्यार्थीहरु गर र म तिमीहरुको पछि उत्साह दिनको निम्ति छु

तीन वर्षसम्म जब येशू चेलाहरुसँग हुनुहुन्थ्यो, उहाँका चेलाहरुले येशूले गर्नुभएको आश्चर्यकर्मको अनुभव गरेका थिए । त्यसपछि येशूको अधिकारमा उनीहरुले पनि आश्चर्यका कामहरु गरेका आफैले देखेका थिए । तर उनीहरुले क्रुसको ठूलो निराश पनि सामना गरेका थिए ।

चेलाहरुले येशूसँग अलौकिक जीवनयापनको अनुभव गरेका थिए तर उनीहरुको जीवनमा येशूको सेवकाई सक्नुअघि एउटा अन्तिम कदम भएको थियो । जब येशू पुनरुत्थान पछि स्वर्गमा उचाँलिदै हुनुहुन्थ्यो, उहाँले आफ्ना चेलाहरुलाई उहाँको आत्मा आए पछि उनीहरुले शक्ति पाउनेछन् र उनीहरुलाई प्रेरणा मिल्नेछ भनि प्रतिज्ञा गर्नुभयो । (लूका २४:४८–४९, प्रेरित १:८) त्यसपछि पवित्र आत्माको शक्तिमा पृथ्वीमा उहाँको सेवकाई गर्नको निम्ति महान आज्ञा दिनुभयो । (मत्ति २८:१८–२०) । येशू पछाडि जानुभयो । उहाँले उनीहरुलाई शक्तिमा भरिपूर्ण गरेर उहाँको सेवकाई दिनुभयो । त्यसबेला जब चेलाहरु आत्मामा भरिएर सेवकाई शुरु गरे, उनीहरुको अगुवापनमा संसार कहिल्यै पहिलेको जस्तै भएन । हामी पनि ती आत्मामा भरिएका अगुवाहरु जस्तै हुनसकौं ।

परमेश्वरले हामीले तयार गरेका विध्यार्थीहरुलाई चलाएर, उनीहरुले सेवकाई गरेको हेर्नमा जस्तो आन्नद कुनैमा छैन । कस्तो औभाग्य ! कस्तो चुनौती !

कार्य बिन्दु सेशन ६

१. बाइबल र कनकोरडेन्सको सहयोग लिई पत्रुसको अगुवापनको हुर्काइको बारेमा निकाल्नुहोस् । खीष्टले पहिलो पटक सुसमाचारबाट बोलावट दिंदा देखि प्रेरीत २ अध्ययमा प्रचार गरे पछि ३,००० जनालाई विश्वासमा ल्याएको उसको हुर्काइ सम्म हेर्नुहोस् । कनकोरडेन्समा पत्रुसको बारेमा हेनुहोस् । तपाईको आउटलाई तल लेख्नुहोस् ।

२. पत्रुसको जीवनमा तपाईले गर्नुभएको अध्ययनबाट, तल दिएको प्रश्नहरुको प्रतिक्रिया दिनुहोस् ।

येशूलाई भेट्नु र पछ्याउनु अघि पत्रुसले के गर्दै थिए ?

येशूबाट पत्रुसले अगुवापनको दक्ष्यता र तालिमका बारे के सिके ?

पत्रुस कहिलेबाट भित्रि रुपमा अगुवा बन्न प्रेरीत भए ?

३. येशूको अगुवापनको तरिकाबाट ४ वटा सिद्धान्तहरु प्रतिबिम्भ गराउनुहोस ।त्यसपछि

४. आफ्नो समूहमा रहेका विध्यार्थीहरुको बारे सोच्न केहि समय लिनुहोस् । त्यहाँ कोहि छ, जसलाई तपाई गहिरो रुपमा साथी बनाउन चहानुहुन्छ ? त्यो को हुनुहुन्छ ? अहिलेनै रोक्नु गर्नुहोस र परमेश्वरमा राम्रो अवसरको लागि प्रार्थना गर्नुहोस । यदि परमेश्वरले त्यस व्यक्तीलाई अगुवाई गर्न तपाईलाई अगुवाई गर्नुहुन्छ भने, तपाई कसरी यसको लागि जानुहुन्छ ? (गएको दुई सेशनबाट तपाईले सिक्नुभएका कुराहरुबाट सेच्नुहोस् ।)

५. यूहन्ना १४:१२ याद गर्नुहोस् र मर्कूसको किताबबाट आफ्नो दैनिक बाइबल अध्ययन निरन्तर गर्नुहोस ।

सेशन ७

## विध्यार्थीहरुलाई परिपक्क तिर लैजानु भाग १

तपाई जब हाई स्कुलमा हुनुहुन्थ्यो तपाईको युवा झुण्डमा कति जना हुनुहुन्थ्यो ?कति प्रतिशत ती व्यक्तीहरु अझै पनि ख्रीष्टलाई पछ्याइरहेका छन् ?

तपाईको अनुमान ठीक हुन पनि सक्छ वा नहुनपनि सक्छ । एउटा ठुलो इभान्जेलिकल डीनोमिनेशनले गरेको तथ्याङ्क अनुसार जो हाई स्कुलामा मण्डली निरन्तर आउनुहुन्थ्यो तर क्याम्पस वा काममा गए पछि ६ प्रतिशत विध्यार्थीहरु मात्रै मण्डली आउँछन् । यस्तो खालको तथ्याङ्कले "मण्डलीमा बड्नु" ले विध्यार्थीहरु "येशूमा बड्नुको" आवश्यकरुपमा संङ्कत गर्दैन । हामीले केहि कुरा गुमाइरहेका छौ ।

प्राय युवा सेवकाईहरु "माइलको चौडाइ र इन्चको गहिराइ" हुँदछ ।उकीहरु कार्यक्रमलाई ध्यान दिन्छन् तर मानिसलाई होइन । खीष्टियन अनुसार हामी "उहाँको पुत्र जस्तै बनिदै जानुपर्ने हो" (रोमि ८: २९) अर्को शब्दमा भन्नु पर्दा हामी खीष्टमा परिपक्व हुँदै जानु । यस कुरा चेलापनको वातावरणमा  हुन सक्दछ भनि येशू र पावल दुबैले जानेका थिए ।

विध्यार्थीहरुको जीवनमा चेला बनाउने प्रक्रियाले रुपान्तरण ल्याउँदछ । खीष्टियन भएको कारण, हामी -उहाँका पुत्र जस्तै हुनु (रोमि ८:२९) अर्को शब्दमा हामी खीष्ट जस्तै हुन दिन–दिनै परिपक्व हुँदै जानु हो । येशू र पावल दुवैले यो हुन चेलापनको वातावरणद्धारा मात्र उत्तम हुनसक्छ भनि बुझेका थिए ।

### चेलापन बनाउन व्यवहारिक तत्वहरु

पावललाई चेला बनाउनुको महत्व थाहा थियो र आत्मिक वृद्धिको लाथि अरुलाई चेलापनमा हुर्काउनु भनेको महत्वपूर्ण कदम हो । उसले तीमोथिलाई अरुलाई कसरी चेला बनाउने भन्ने बारे व्यवहारिक शिक्षा दिएको थियो । यसकारण तिमी, मेरोबालक, ख्रीष्ट येशूमा भएको अनुग्रहमा खूब बलियो होऊ । धेरै जना गवाहीहरुका बीचमा तिमीले मसँगबाट सुनेका कुराहरुलाई पनि सिकाउनसक्ने विश्वासी मानिसहरुलाई सुम्पीदेऊ । (२ तिमोथी २:१–२) हामी पावलले चेलापनको बारेमा भनेका कुरालाई नजिकबाट हेर्नेछौं र केहि तत्वहरुलाई पत्ता लगाउनेछौं ।

तत्व १ लिनु ("मेरो छोरा, येशूमा भएको अनुग्रहमा खूब बलियो होऊ")

हरेक परिस्थितमा उत्तम वातावरण सृजना गर्नु एदमै आवश्यक हुन्छ । घरमा, विध्यालयमा, मण्डलीमा जहीकहिँ पनि । चेला बनाउन सही वातावरण सृजना गर्नु महत्वपूर्ण हुन्छ । हामी बनाउन खोजेको वातावराण चाँहि अनुग्रहको वातावराण हो ।

किन धेरै जसो विध्यार्थीहरुले जो मण्डलीमा हुर्केका थिए, उनीहरु उच्च शिक्षापछि चालम पत्र लिन्छन् वा विध्यायलयबाछ प्रमाणपत्र लिन्छन र आफ्नो विश्वासलाई पछिनै छाडिदिन्छन्

? यो हुन्छ, किनभने आज मण्डलीले विध्यार्थीहरुलाई येशू नियम हुनुहुन्छ, धर्म हो र मण्डलीमा सहभागि हुनु र येशूसँग नजिकको सम्बन्ध गतीशिल होइन भनि सिकाउँछ ।

हामीले अनुग्रह भुलेका छौ । यो के हो? अनुग्रह, हामी क्रुस र पुनरुत्थानद्धारा परमेश्वरले गर्नुभएको अलौकिक खुबि हो । अनुग्रह, परमेश्वरको आत्मा हामीमा बास गर्नु र हामीलाई खीष्टियन जीवन बिताउनको निम्ति अधिकार दिनु हो ।

मण्डलीले जवान मानिसहरुले थाहा गर्नुपर्ने कुरा, सोच्ने। गर्ने, विश्वास र कसरी व्यवहार गर्ने बारे बताएको हुन्छ । यसले बाहिरी उत्प्रेरण गर्न दबाब गर्दछ । तर अनुग्रहले भित्रि पनको उत्प्रेरण गर्न केन्द्रीत गर्दछ । हामीले विध्यार्थीहरुसँग पवित्र आत्माको निम्ति गुहार गर्नसक्छौं ? उनीहरुलाई हामी के गर्ने भन्नेको सट्टा उनीहरुलाई प्रश्न गर्न सक्छौं, तिमीलाई परमेश्वरले के गर भनि भन्नुभएको छ ? यस सरल प्रश्नले उनीहरुलाई आफैले निर्णय गर्नको निम्ति सहयोग गर्दछ । उनीहरुले आफैलाई भित्रि तवरले बनाउन बिकास गर्दछ । नियम र धर्मले विध्यार्थीहरुलाई जीम्मेवारी लिन लगाउँदैन । अनुग्रहको वातावरणले मात्रै पवित्र आत्माद्धार उनीहरुको हृदयलाई समझाई प्रोत्सान दिंदछ ।

तत्व २ सम्बन्ध (मैले भनेका कुराहरु तिमीले सुनेका छौ)

ली मेरो पहिलो चेलापन झुण्डको सदस्य थियो । मैले मेरो झुण्डको मूल्याङ्कन गर्ने थाले र मलाई थाहा भयो ऊ मेरो झुण्डको कक्षा पछि यहुदीहरुको कक्षामा भाग लिन जाँदो रहेछ । उसको व्यवहारले हाम्रँ चेलापनको कक्षाले उसलाई प्रभाव नपरेको रहेछ भन्ने मलाई अनुभव भयो । हाम्रा सामग्रीहरु राम्रा भएता पनि हामीले यसलाई राम्ररी चलाउन सकिरहेका थिएनौ । हामीले सम्बन्ध निमार्णमा समयनै बिताएका थिएनौ ।

मैले लीलाई के समस्या परिरहेको छ भनि भेटे । हामी निरन्तर भेट्न चाल्यौं, केहि महिना पछि लीको परमेश्वरसँगको सम्बन्धका समस्याहरुमा काम गर्न थाल्यौ । जब हामी समस्यामा पुग्यौं, उसले येशूलाई ग्रहण नगरेको थाहा गर्‍यौ । हामी बीचको यस सम्बन्धमा उसले आफ्नो जीवन येशूमा दिने प्रतिबद्ध गर्‍यो । लीलाई फलफलेको चेलाहुन सहयोग गर्न केहि वर्ष लाग्यो । आज ली अमेरीकाको ठूलो खीष्टियन पत्रिकाको सम्पादक भएको छ ।

यस अनुभवबाट, चेला बनाउन प्रेम र स्वीकारको वातावरण चाहिन्छ भनि मैले सिक्न पाएँ । जब हाम्रो जीवन अरुमा खन्याउँछौं, यस प्रकारको वातावरणले मात्रै हाम्रो व्यक्तिगत सम्बन्ध नजिकमा बिकास गर्छ ।

तत्व ३ प्रतिबिम्भ (...... जिम्मा लगाउनु)

जब हामी बैंकको सुरक्षित बक्सबाट केहि कुरा झिक्न चहान्छौं भने हामीले एक्लैले गर्न सक्दैनौं । साँचो सँगै, हामीलाई बैंकको अधिकारी साँचोको पनि आवश्यक पर्दछ । प्रतिबिम्भ भन्ने शब्दले यस दुईवटा साँचोले सँगै सुरक्षित बक्सलाई खोल्ने जस्तै बताउँछ ।

जब पावलले तिमोथीलाई प्रतिबिम्भको बारेमा बताउँदै थियो, यसले खीष्टको बहुमूल्य कुराहरु निकारे र विश्वास पूर्ण सम्बन्धमा रहि अर्को व्यक्तिलाई दिने कुरा जनाउँछ। तिमोथीले खीष्टलाई यस प्रकारको सम्बन्धमा रही अरुलाई दिनुभन्दा अगाडि, उसले आफूलाई खीष्टको चरित्रले (उहाँको चरित्र, विचार, कार्य र बानि) भर्नुपर्दछ।

विश्वासीहरुलाई प्रतिबिम्भ हुन बोलाएको छ ताकि परमेश्वरको महिमालाई तेजिलो प्रतिबिम्भ गर्ने (२ कोरिन्थी ३:१८)। यो भनाई गाह्रो छ, तर सत्य हो, हाम्रो जीवनले उनीहरुमा खीष्टको प्रतिबिम्भ गर्नुपर्दछ।

जब चेलापन बनाउने प्रक्रियामा मानिसहरुले हाम्रो नक्कल पार्छन् :

–पढाउनुहोस ताकि उनीहरुले ज्ञान आर्जन गर्नसकुन

–तालिम दिनुहोस ताकि उनीहरुले दक्षता हासिल गर्नसकुन

–उनीहरुलाई निमार्ण गर्नुहोस ताकि उनीहरु आफ्नो चरित्रमा बलिया हुनसकुन

–उनीहरुलाई पठाउनुहोस ताकि उनीहरुले खीष्टको सेवकाई लिएर जानसकुन

तत्व ४ सत्यता ( ….. धेरै गवाहीको माफ्त)

सत्यता जीवनको परिस्थितिको बीचमा भन्ने भनाईले भन्दछ। जो अगुवाहरु बास्तिविक तवरले प्रस्तुत हुन्छन्, मासिहरु उनलाई प्रतिक्रिया दिएको बार बार साबित भएको पाउँदछौं। व्यक्तिगत हिसाबमा मैले मासिहरुमा आफैले धेरैपटम भूल गरेको पाएको छु। तर मैले जब भूल गरेबापत मैले भूल गरे नभनिकन तर मैले भूल गरेबापत कसरी प्रतिक्रिया गरे भन्नेमा जोड दिनुपर्छ भनि पाएँ। सत्यताले मानिसहरुलाई हामीकहाँ ल्याउँदछ।

पावलले सत्यताको बारेमा भनेका कुराबाट उत्साहित हुनुहोस : म तिमीहरुकहाँ दुर्बलतामा र ज्यादै डर र कम्पनसाथ आएँ। मेरो उपदेश र सन्देश घतलाग्दो र बुद्धिपुर्ण शब्दमा थिएन, तर पवित्र आत्माको शक्तिको प्रर्दशनमा थियो, ताकि तिमीहरुको विश्वास मानिसको बुद्धिमा होइन, तर परमेश्वरको शक्तिमा आधारित होस्। (१ कोरिन्थी २:३–५)

हामीले हरेक अवस्थाहरुमा गरेको प्रतिक्रामा हाम्रो बलियोपन र कमजोरपन दुवैमा खीष्ट हामीमा रहेको विध्यार्थीहरुले देख्दछन्।

तत्व ५ भर्ना लिनु (……. विश्वासीलो मानिस)

कसलाई चेलाबनाउने ? म एउटा व्यक्तिसँग काम गरेको थिए जो विध्यार्थीहरुको प्रेसिडेन्ट, राम्रो फुटबल खेल्ने जो हुटिङ्गगर्ने केटीहरुको अगुवासँग प्रेम सम्बन्धमा थियो। बाहिरी रुपमा उ एकदमै राम्रो देख्ने र चेलाबनाउन असल मानिस जस्तो थियो। उसले पनि भाग लिने इच्छा गरेको थियो तर भित्रि रुपमा उसमा त्यो तिर्खा नदेखेको कारण मैले उसलाई समावेश गरेको

थिइन । अध्ययन सकेपछि, उसले फुटबल राम्रो खेल्ने र विध्यार्थीहरुको अगुवापन पनि गुमाएको थियो । उसको प्रेमिकाले उसलाई छोडिदियो । उसले आफैलाई विनम्र पारेर सबै थोकहरु भन्दा परमेश्वरलाई खोज्न थाल्यो । त्यसपछि उ चेला बन्नको निम्ति तयार भयो ।

जब चेला बन्ने क्रममा आउँदछ, विध्यार्थीहरु बाहिरी रुपमा भन्दा भित्री रुपमा कस्तो छन् भनि जान्न आवश्यक छ । योग्यको चेलाहरु F-A-T हुन आवश्यक छ ।

- Faithful- परमेश्वरले के चहानुहुन्छ भनि चाहना गर्नु
- Available- बढ्नलाई समय लिने
- Teachable- अध्ययन गर्न इच्छुक हुने

पावलले थिस्सलोनिकीको मण्डलीलाई F-A-T कोबारेमा तालिम दिएका थिए : हाम्रो प्रार्थनामा तिमीहरुको सम्झना गर्दै, हामी सँधै परमेश्वरलाईतिमीहरु सबैका निम्ति धन्यवाद चढाउँछौं । हाम्रा परमेश्वर र पिताका साम्ने हाम्रा प्रभु येशू खीष्टको विषयमा तिमीहरुको विश्वासको काम र प्रेमको परिश्रम, र आशाको धीरज निरन्तर सम्झदैं ।(१ थिस्सलोनिकी १:२–३)

तत्व ६ पुनउत्पादन (........ जोअरुहरुलाई पनि सिकाउन सक्षम हुन्छन्)

पावलसँग तिमोथी र अरु उसले व्यक्तिगत चेला बनाएकाहरुको लागि मात्र नभई भविष्यका पछिका पुस्ताहरु जसले पछ्याउँदछन् उनीहरुको निम्ति पनि दर्शन थियो ।पावलले २ तिमोथी २२ मा चेलापनको ४ वटा तहहरु उल्लेख गरेका छन् ।

१ तह– पावल
२ तह– तिमोथी
३ तह– विश्वासीलो मानिसहरु
४ तह– अरुहरु

चेलाहरु बनाउनको निम्ति कस्तो खालको गुणात्मक दर्शनको आवश्यक छ ।

मैले बिल भन्ने जो कलेजमा पढ्लै थियो, उसलाई भेटे र चेला बनाउन शुरु गरे । त्यस समयमा जाने नाम भएको व्यक्तिसँग बिलले साथी बनायो । उनीहरुको साथीपनको जीवनमा, जोन खीष्टियन बन्यो र जब उनीहरु सोभियत संघमा कार्यरत थिए, त्यस समयमा बिलले जोनलाई प्रभुमा र्हुकायो ।

एक दिन उनीहरुले मस्कोको एउटा बप्तिस मण्डलीमा सेवामा भाग लिन गएका थिए । सेवापछि एउटा जवान रसियन केटो उनीहरुको सामु आयो । त्यस जवान केटोले उनीहरु अमेरीकन हो भनि सुनेको थियो र उसले अंग्रेजी बोल्न सक्ने भएको कारण ऊ, उनीहरुसँग बोल्न चाहन्थे । जब उनीहरु बोल्न थाले, त्यस जवान केटो मण्डलीमा जीवनको मतलब र उद्देश्यको खोजिमा मण्डली आएका रहेछन् भनि थाहा गरे ।

बिल र जोनले उसलाई उनीहरुको केठामा लगे । जोनले दिन भरीत्यस जवान केटोलाई खीष्टको बारेमा प्रचार गरे तर त्यस केटोले खीष्टलाई ग्रहण गर्न तयार भएन । तर पछि उसले जोनलाई आफू खीष्टियन भएको भनि लेखे । आश्चर्यस्वरुप उसले बाईबल र

संचारको तालिम लिन अमेरीकाको भिसा पायो । केहि वर्षपछि उसले रेडियोको कार्यक्रममा १ देखि १.५ करोड मानिसहरुको माझ सुसमाचार प्रचार गर्ने पायो ।

चेलापनले आत्मिक पुनउत्पादनमा हामीले नसोचेको र आशा नगरेको नतिजा पनि ल्याउने गर्दछ । आत्मिक पुनउत्पादन हुँदछ जब :

एउटा परिपक्व विश्वासीले
अरु परिपक्व विश्वासीहरुलाई आफ्नो विश्वासमा पुनउत्पादन गर्दछ
ताकि उनीहरु आफ्नो विश्वासलाई पुनउत्पादन गर्न सकुन्
अरु विश्वासीहरुलाई परिपक्व बनाउनको निम्ति

पुनउत्पादन स्वस्थ्य चेलापनको चिन्ह हो ।

विध्यार्थीहरुलाई खीष्मा परिपक्व बनाउनको निम्ति धेरै समय, शक्ति र प्रतिबद्धताको मूल्य चुकाउनु पर्दछ । चेला बनाउने प्रक्रिया जवान कार्यक्रम भन्दा बढि गहन र चुनौतिपूर्ण कुरा हो, तर यसले जीवन परिर्वतनमा समाप्त गर्दछ । थोरैले मात्रै यसको मूल्य चुकाउन तयार हुँदछ, तर जसले यो गर्न सहयोग गर्दछ, त्यसले विश्व परिर्वतन गर्न सहयोग गर्दछ । के तपाई त्यो मध्य एक हुन चाहनुहुन्छ ?

कार्य बिन्दु सेशन ७

१. जब हामी चेलापनलाई “ज्ञान हासिल गर्ने” मात्रै नभएर “जीवन परिवर्तन”को बारेमा सोच्छ भने पहिलो थेसोलिनीको १ र २ अध्याय पढ्नेछौं । पवलालाई कुन सिद्धान्तले जीवन परिर्वतन बनायो त्यसको आउटलाईन बनाउनेछौं ।

२. नजिकको व्यक्तिगत सम्बन्ध बनाउने बारे सोच्दा तपाई के समस्याहरु र अवसरहरुको सामना गर्नुपर्छ ?

३. मण्डलीमा विध्यार्थीहरुको अगाडि मैले भूल गरे भन्ने सोच तपाईलाई कहिले भएको थियो ? के भएको थियो ? तपाईले कस्तो अनुभव गर्नुभयो ?

४. अब १ कोरिन्थी १२:९ पढ्नुहोस । तपाई सधै उत्कृष्ट खीष्टियन हुनुहुन्छ भनि अनुभव गर्नुपर्छ भनि यस पदले के भन्न खेजिएको होहा ? असफल अवस्थामा तपाईको चरित्रलाई बिकास गर्ने र तपाईले काम गरिरहेको विध्यार्थीहरुको जीवनमा परमेश्वरले कसरी चलाउन सक्नुहुन्छ ?

५. आफ्ना विध्याथीहरुलाई दिन तपाईमा रहेका खीष्टका अनमोल कुराहरु के–के हुन् ?

६. तपाईका जवान झुण्डमा रहेका F-A-T विध्यार्थीहरुको नाम लेख्नुहोस । तपाई कसलाई चला बनाउन चाहनु हुन्छ ?

७. के तपाई साँच्चै चेला बनाउन चाहनुहुन्छ ? किन र किन हुनुहुन्न ?

८. २ तिमोथी २:२ कण्ठ गर्नुहोस । तपाइको परमेश्वर सँग दैनिक समय बिताउनु होस र मकूर्सको किताब पढ्नुहोस ।

सेशन ८

विध्यार्थीहरुलाई परिपक्क तिर लैजानु भाग २

तपाई आत्मिक रुपमा बढ्दै जानुहुँदा प्रभाव परेको व्यक्तीको बारेमा सोच्नुहोस् । त्यो भए एउटा व्यक्तीलाई लिनुहोस् जसले तसाईलाई प्रभाव पारेको छ । उसले तपाईलाई किन प्रभाव पा¥यो होला ?

अगुवा भएको कारण, आज हामीले पनि आफ्ना विध्यार्थीहरुलाई प्रभाव पार्न सक्नुपर्छ । अरुको जीवनमा हामीले कसरी गहिरो र अन्त्य सम्म प्रभाव पार्ने भन्ने कुरा येशूले बताउनु भएको थियो । केहि समय लिएर मत्ती २८ः १८–२० सम्म पढ्नेछौं । यो पदको मुख्य शब्द “चेला बनाउनु” लाई गोलो लगाउनुहोस् ।

गएको पछिल्लो सेशनले ६ वटा तत्वहरु छन् जसले अरुलाई चेला बनाउनको लागि हाम्रो सेवकाईलाई अगुवाई गर्दछ । यस सेशनले प्रकियावद्धमा विध्यार्थीहरुलाई येशूमा परिपक्व भएर हुर्काउन मद्दत गर्दछ ।

चेला बनाउन अधिकार

चेला बनाउन पहिलो बिन्दुनै अधिकार हो । येशूले भन्नुभयो, “स्वर्ग र पृथ्वीको अधिकार मलाई दिएको छ” (मत्ती २८ः१८) । यस अधिकार प्राप्त भएको कारण, येशूलाई उहाँको शक्तिद्धार स्वर्ग र पृथ्वीमा भएको यथावत थोकहरु चलाउने अधिकार छ । चेला बनाउनुले जीवन परिर्वतनको चिपण गर्दछ किनभने परमेश्वरको अलौकिक शक्तिले मानिसको जीवनमा काम गर्दछ । अरुलाई चेला बनाउनु अघि हामीसँग येशूको अलौकिक शक्तिसँग आधारित अधिकार हुनुपर्दछ ।

येशू परमेश्वरको अधिकारको एकल स्वामित्व हुनुहुन्थिएन । उहाँले आफ्ना चेलाहरुलाई भन्नु भयो, “सबै अधिकार मलाई दिएको छ” (लूका १०ः१९) । अदालतमा भएको समयमा, न्याधिसलाई उच्च अधिकार शक्तिबाट दिएको हुन्छ । यहि सिद्धान्त साँचो विश्वास गर्नेहरुको लागि हो । हामीमा खीष्टको प्रत्यायोजित अकिार छ किनभने उहाँ हामीमा बास गर्नुहुन्छ ।

हामीसँग खीष्टको अधिकारभएको कारण, हामीसँग स्वर्ग र पृथ्वीमा भएका सबै स्रोतहरु पनि छन् । त्यसो भ्ए किन धेरै मानिसहरुले आफ्नो जीवनमा धेरै शक्तिको अनुभव गर्दैनन् ? आत्मिक परिपक्वको अभावको कारण यो समस्या देखा पर्दछ । परमेश्वरे हामीले शक्ति प्रयोग गर्न नसक्ने भएको चहानुहुँदैन । हामी एकछिन उदाहरणको लागि गाडी चलाईरहेको बुबा र जवान छोराको सम्बन्ध बारे सोच्नेछौ । छोराले धेरैनै अधिकार चाहन्छ, तर कहिले काँही परिपक्वताको अभावको कारण बढि स्वतन्त्रता दिनु ठीक प्रक्रिया होइन । त्यसैले बुबाले त्यो अवसर लिनुहुन्छ । यसरीनै येशूको अधिकार पनि हाम्रो परिपक्वताको आधारमा सबैलाई बराबर बाँडिएको । जब विश्वासीहरु परिपक्व हुन्छन्, उहाँको शक्ति उनीहरुबाट अरुमा पनि बग्दछ ।

चेला बनाउने प्रक्रिया

युवा अगुवा भएको कारण, हामीसँग खीष्टको प्रतिनीधि गर्ने “जुन जाऊ र चेला बनाऊ” भन्ने अधिकार छ । हामी चेला बनाएर उनीहरुलाई परिपक्वमा बढ्दै गएको बनाएर अरुको जीवनलाई प्रभाव पार्न सक्छौं । यो सेशनमा, हामी चारवटा सीढि जस्तै कदमहरु हेर्ने छौं जसले विध्यार्थीहरुलाई अघि बढ्न मद्दत गर्दछ । हरेक कदमहरुले अघि बढ्नमा सहाउता गर्दछ ।

पहिलो कदम प्रचार गर्ने –येशूले भन्नुभयो, “जाऊ र चेला बनाऊ”

उहाँको यस भनाईलाई व्यवहारमा प्रयोग गर्नु तथ्य हो, विध्यार्थीहरुले अरुलाई चेला बनाएर हुर्काएको तर पहिले उ आफै चेला बन्नु पर्छ । त्यसो भए यदि हामी चेला बनाउनेहरु भए, अरुहरुले कसरी खीष्टलाई थाहा गर्न सक्न् भनि पहिले हामीलाई उनीहरुलाई सहयोग गर्न थाहा हुनुर्प । अगुभएको हुनाले, हामी प्राचिन मण्डलीहरुको उदाहरण पालना गर्न सक्छौं ।माईकल ग्रीन, प्रसिद्ध लेखक र प्रचारक, ले भन्नुहुन्छ, प्राचिन मण्डली “सुसमाचारको गफहरु” । येशूनै कुराकानीको मुख्य विषय हुन्थ्यो किनभने प्राचिन मण्डलीका विश्वासीहरुको निम्ति सबैले येशू खीष्टलाई जानेको हुनुपर्नेमा विश्वस्त थिए ।

प्रचार गर्नको निम्ति येशूको नमूना विश्वासशिलो थियो । उहाँ शहरहरु अनि गाउँहरुमा, तिनीहरुका सभाघरहरुमा सिकाउँदै, राज्यको प्रचार गर्दै र रोगीहरु र बिरामीहरुलाई निको पार्दै जानुभयो । जब उहाँले भिडलाई देख्नुहुन्थ्यो, उहाँ तिनीहरुमाथी टिठ्याउनु भयो, किनभने उनीहरु थाकेका र असाहय भएका थिए, गोठालो बिनाको भेडाहरु जस्तै । अनि उहाँले आफ्ना चेलाहरुलाई भन्नु भयो, फसल त प्रशस्त छ तर खेतालाहरु थोरै छन् । यसकारण फसलाका प्रभुलाई उहाँको खेतमा कटनी गर्नलाई खेतालाहरु पठाइदेऊन् भनी बिन्ती गर । (मत्ती ९:३५–३८)

हाम्रो जीवन शैलीको अर्को पाटो भनेको हाम्रो विश्वास अरु अवश्उक परेकाहरुलाई गवाई दिनु हो । यदि यो हो भने, हामी अघि बाटनै चेलाबनाउने मार्गमा आइसकेका छौ । यदि हैन भने, परमेश्वर सँग अरुहरुलाई उहाँको गवाइ दिन चहाना भएको होस भनि माग्नुहोस । त्यसपछि कोहिसँग अरुहरुलाई खीष्टको बारे बाड्न सहायता माग्नुहोस ।

दास्रो कदम स्थापित– येशूले भन्नु भयो,“चेला बनाउ..... बप्तिसमा”

येशूले चेला बनाउनेलाई बप्तिसमा सँग जोड्नुको कारण चाहिँ बप्तिसमा लिएकाहरु येशूको पक्षका हुन् भनि चिन्नलाई हो । मनिसहरुले तुरुन्तै उहाँसँग भएको चिनेको उहाँको उत्कट इच्छा थियो । चेलाहरुको लागि उहाँमा विश्वासको स्थापना गर्नको निम्ति, नयाँ सम्बन्धलाई ध्यानमा राख्नकोलागि हामीले झण्डा उठाउनु पर्छ भनि येशूलाई थाहा थियो । बप्तिसमा येशू खष्टको साँचो भित्रि चेलापनको बाहिरी चिन्ह हो ।

बप्तिसमा पछि वृद्धि आउँदछ । युथहरुले आफ्नो अभिभावकबाट बानी र आचरणहरु लिंदछन् जो उनीहरुको परिवारको निम्ति अद्‌वितीय हुँदछ । यस कारण यहि अनुसार परमेश्वरका सन्तानहरुले

आत्मिक भोजन खुवाउनु पर्दछ जसको कारण उनीहरुले खीष्टको बानी र आचरण अरुहरुमा प्रकट गर्दछ । ( १ थेसोलोनिकी २:७,११–१२)

यस आत्मिक भोजनको प्रक्रियाको राम्रो नमुना प्रेरीत २ अध्यायमा नयाँ विश्वासीहरु जो खीष्टमा बप्तिसमा पाएर परिचित भएको हामीले पाउन सक्दछौं । प्रेरीतका शिक्षमा समर्पित हुन्थे, उनीहरु संगतिको घेराभित्र रहन्थे, रेटी भाँच्ने काम हुँदथ्यो (सँगै खाने) र सधैं भेट्दा प्रार्थना गर्ने कार्य हुँदथ्यो । चेलाहरु जो यस किसिमले विश्वासमा हुर्कदथे उनीहरु अझै प्रभुमा बढ्दै थिए ।

तेस्रो कदम सुसज्जित  येशूले भन्नुभयो,"चेला बनाउ.......शिक्षा ।"

येशूले उहाँका चेलाहरु उनीहरुको विश्वासमा रहेर हिडेंको चहानुहुन्थ्यो । बिकास गर्ने प्रक्रियाको एउटा पाटा तयारी हो “”सेवको काममा परमेश्वरका जनहरुलाई तयार पार्न, जसद्धारा खीष्टको देहको निर्माण हुन सकोस् । (एफिसी ४:१२) जब हामी नयाँहरुलाई बिस्तारै विश्वासमा हुर्काउन थाल्छौं, अर्को कदममा हामीले उनीहरुलाई सुसज्जित गर्नुपर्छ र अरुलाई पनि सुसज्जित गर्न उनीहरुलाई मद्दत गर्नुपर्छ ।

तालिम अवधिको कामको कारण चेलाहरु सुसज्जित भएर अरुहरुलाई सहयोग गरे जसरी एउटा काम नजान्ने सिकर्मि एउटा सक्षम काठको काम गर्ने भए । येशूका चेलाहरुले उहाँले गर्नु भएको नमूनाहरु हेरे, उहाँका शिक्षाहरु सुने, र उहाँको आज्ञा पालना गने । उनीहरुले उहाँको आत्मा पनि पाए । उनीहरु आफै पनि सुसजिजत भए र अरुलाई पनि सुसज्जित गर्नेहरु भए ।

प्राचिन मण्डलीलाई सुसज्जित गर्नुको महत्व थाहा थियो । उनीहरुले “सात जना मानिसहरु छाने, जोहरु आत्मामा र ज्ञानमा भरिएका थिए” (प्रेरित ६:३) । यी मानिसहरु  अरुहरुलाई बढाउनको निम्ति पुर्ण रुपमा सुसज्जित थिए । एउटा स्वास्थ्य चेलापनको मुख्य चिन्ह भनेकै उनीहरुले अरुहरुलाई सेवकाई गरिरहेका थिए । हामीले हाम्रा विध्यार्थीहरुलाई अरुहरुलाई सेवकाई गर्न सिकाउने भनेकै उनीहरुले हामीले येशूको सेवकाई गरेको देख्नु हो । (सेशन १७ र १८ हेर्नुहोस)

चौथो कदम विस्तार येशूले भन्नुभयो “सबै देशका मनिसहरुलाई चेला बनाउ ।”

येशूलाई उहाँको यो पृथ्वीमा रहि सेवकाई गर्ने अन्तिम समय हो भनि उहाँलाई थाहा थियो । उहाँले आफ्नो सबै कार्यहरु आफ्नो चेलाहरुलाई सुम्पनु पर्छ भन्ने कुरा उहँलाई थाहा थियो । चेलाहरुले सबै देशका मानिसहरुलाई गएर चेला बनाउनकोलागि, उनीहरुले आफ्नो सेवकाईलाई बढ्।उनु पर्छ भनि उहाँलाई थाहा थियो । चेलाहरुले येशूसँग राम्ररी सिकेको कुरा हामी प्रेरीत १–५ सम्म थाहा पाउन सक्छौं किनभने मण्डलीमा धेरै मानिसहरु थपिएका थिए । त्यस बिन्दुदेखि मण्डली गुणात्मक हुँदै गयो । यसले व्याख्यात्मक वृद्धिको अनुभव गऱ्यो ।

जब मानिस बिस्तारको तहमा हिंड्दछ, चेला बनाउने र चेलाको सम्बन्धमा परिर्वतन आउँदछ । एउटा विध्यार्थीले यस प्रकार व्याख्या गरेका छन्, जब हामी शुरु गर्छौं हामी बिच बुबा छोराको सम्बन्ध हुँदछ, । अगुवाले प्रेरणा, शिक्षा र निर्देशन दिने काम गर्दछ । जब समय बित्दै जान्छ, उसले अरुहरुलाई सेवकाई गर्नको निम्ति धेरै जिम्मेवारी दिंदछ । यस समयमा, हाम्रो सम्बन्ध

एउटा सहयात्रीमा पुग्दछ । चेला बनाउनेको जिममेवारी आफैलाई यस कार्यबाट बाहिर पठाउनु हो भनाईको मलाई समझना छ ।

जब हामी हाम्रा चेलाहरुसँग सहयात्रीको सम्बन्धमा पुग्छौं, हामीले हाम्रो सेवकाईलाई एउटा देखि धेरैमा बढाउन पर्छ । यस तहमा, हामी महान् आज्ञालाई पूरा गर्ने यात्रामा हुनेछौं ।

चेलापन बनाउने प्रक्रियाबाट अरुहरुलाई परिपक्व बनाउँन तर्फ जब हामी अरुहरुलाई मद्दत गर्छौं, विध्यार्थीहरुको सेवकाईमा हामीले अनुभव गर्छौं । र हामी प्रेरीत पावल जसरीनै भन्न सक्छौं: किनकी प्रभु येशू आउनुहुँदा उहाँको उपस्थितिमा हामीले महिमा पउँदा हाम्रो आशा, हाम्रो आन्नद, अथवा हाम्रो मुकुट के हो ? के ती तिमीहरुनै होइनौ ? निश्चय, तिमीहरु नै हाम्रा महिमा र आन्नद हौ । (१ थेसलोनिकी २:१९–२०)

कार्य बिन्दु सेशन ८

१. पहिलो कदमलाई पूर्वालोकन गरौं: सुसमाचार प्रचार । तल दिएको मत्ति ९:३५–३८ सम्ममा येशूको जीवनको हरेक चरित्रलाई पढि

उहाँको अरुहरुसँगको सम्बन्ध

उहाँ व्यक्तिगत गवाई हुनुहुन्थ्यो

उहाँ दयालु हुनुहुन्थ्यो

उहाँ श्रमिकको लागि बोलाउनुहुन्थ्यो

उहाँले हामीलाई प्रार्थना गर्नलगाउनु भयो

२. प्रेरीत २:४१–४७ पढ्नुहोस । पहिलो शताब्दीको मण्डलीमा नयाँ विश्वास गरेकाहरु बढ्दै गए ? तल दिएको चित्रलाई हेरी, कार्यमा लागेका पदहरु राख्नुहोस ।

भक्ती

वचन पद ............

येशू

गवाही पद......... खीष्ट संगति पद.........

प्रार्थना पद................

आफै भक्ती साथ लागि रहने

३. १ थेसलोनिकी १:४–१० सम्म पढ्नुहोस र तल दिएको चार्ट हेर्नुहोस । पावलले विश्वासीहरुको विश्वास कसरी स्थापित गरे भन्ने बारे बर्णन गर्नुहोस । तपाईले विध्यार्थीलाई चेला बनाउँदै हुनुहुन्छ उसको के सिद्धान्त लागू गर्नसक्नु हुन्छ भने एउटा व्यवहारी कार्य लेख्नुहोस ?

१) उनले उनीहरुलाई भन्यो किन (    )

पावलले कसरी उनीहरुलाई स्थापित गरे

तपाई यस सिद्धान्तलाई कसरी लागू गर्नुहुन्छ

२) उनले उनीहरुलाई कसरी देखाए (   )

पावलले उनीहरुलाई कसरी स्थापित गरे

तपाई यस सिद्धान्तलाई कसरी लागू गर्नुहुन्छ

३) उनले तिनीहरुलाई शुरु गरे ( )

पावलले उनीहरुलाई कसरी स्थापित गरे

तपाई यस सिद्धान्तलाई कसरी लागू गर्नुहुन्छ

४) उनले उनीहरुलाई जारी राखे ( )

पावलले उनीहरुलाई कसरी स्थापित गरे

तपाई यस सिद्धान्तलाई कसरी लागू गर्नुहुन्छ

५) उनले उनीहरुलाई आत्मिक उर्तानै बारे शिक्षा दिए ( )

पावलले उनीहरुलाई कसरी स्थापित गरे

तपाई यस सिद्धान्तलाई कसरी लागू गर्नुहुन्छ

४. १ थेसोलोनिकी २:४–१२ सम्म पढ्नुहोस । सुसज्जीत गरिदिने बारे ५ वटा पूर्वापेक्षा लेख्नुहोस । हरेकको साथै, अरुकोहिलाई सुसज्जीत गर्न यो किन आवश्यक छ भनि व्याख्या गर्नुहोस ।

| पूर्वापेक्षा | पूर्वापेक्षाको महत्व |
|---|---|
| (१) | |
| (२) | |
| (३) | |
| (४) | |
| (५) | |

५. तपाईको विचारमा यस चेलाबनाउने प्रक्रियाले (प्रचार, स्थापित, सुसज्जित र विस्तार) तपाईको जवान झुण्डमा कस्तो प्रभाव पारेको छ ?

६. के कस्ता कार्यहरु द्धारा तपाईको मण्डलीमा चेलाबनाउने प्रक्रियालाई अगाडि बढाइसकेको छ ? के कस्ता कार्यहरुमा यसेले चेलाबनाउने प्रक्रियालाई अगाडि बढाएको छैन ?

७. मत्ति २८:१८–२० सम्म कण्ठ गर्नुहोस । मर्कूसको किताबबाट परमेश्वसँग एक्लै समय बिताउनु होस ।

सेशन ९

विध्यार्थीहरुको साँस्कृतीकमा भित्रिनु भाग १

तपाईको विध्यार्थीको जीवनमा फर्किएर सोचेर हेर्नुहोस । त्यस समयमा चर्चित भएका कुराहरुको एउटा लिस्ट तयार गर्नुहोस । कस्ता लूगाहरु थिए ? मानिसहरु कस्ता गाडी चलाउँथे ? तपाई कस्ता संगित सुन्नुहुन्थ्यो ? कस्ता खाले पार्टिहरुमा तपाई सहभागि हुनुहुन्थ्यो ? कस्तो भेटघाट हुन्थ्यो ? तपाइको विध्यार्थीको जीवन पछि के–के कुराहरुको परिर्वतन भए ? के चाँहि अझै परिवर्तन भएको छैन ?

सामना गर्नुहोस । तपाई परिवर्तन हुनुभएको छ ! तर तपाई मात्रै हुनुहुन्न । तल तपाई विध्यायलयमा जनुहोस र तपाई परिर्वतन भए जसरीनै विध्यार्थीहरुको पनि सँस्कृती परिर्वतन भएको तपाईले देख्नसक्नु हुन्छ । भिन्दै कपालको शैलि, भिन्दै पहिरन, भिन्दै गाडी, भिन्दै मान ।

तर आधारभूत आवश्यक भने एउटै रहन्छ । ती आवश्यत्ताहरु चाहि ने हुन् त ? र हामी कसरी त्यसलाई भेट्नको लागि अघि बड्न सक्छौं ?

विध्यार्थीहरुको आवश्यक्ता

विध्यार्थीहरुलाई नायकहरुको आवश्यक्ता । के यो कता कता अत्मिकी नभएको सुनिन्छ ? कि किशोरहरुको कुरा जस्तो ? साँच्चिकै यो होइन । जवान अवस्तामा, विध्यार्थीहरुले आफ्नो व्यक्तीगत मान र जीवन शैली विकास गरेका हुन्छन् । उनीहरुले आफूले सफल, तेजीलो र जीवनशैली मानेका व्यक्तीलाई वरपर खोज्ने गर्दछन् । जवानहरु, यी नायकहरु जसरी नै आफ्नो जीवन शैली बिताउन चहान्छन् ।

विध्यार्थीहरुलाई प्रेमको आवश्यक्ता । भित्री गहिराई तहमा, उनीहरुलाई आफूलाई मन परेका व्यक्तीहरुको प्रेम सम्बन्धको आवश्यक्ता पर्दछ । तथ्याङ्क अनुसार, सामान्य परिवारले हप्ताको ३८ मिनेट सम्म मात्र आफ्नो परिवार सँग अर्थपुर्ण बातचितमा समय बिताउँदछ । यस किसिमको संचारको कमिले विध्यार्थीहरुलाई उनीहरु महत्वपुर्ण छैनन् भन्ने कुराको भान हुँदछ । धेरै जसो विध्यार्थीहरु आफ्नै एकल अभिभावक सँग मात्र रहन्छन् र अरुहरु सँग राम्रो र उत्तम सम्बन्धलाई छुटाउँदछन् । अनि प्राय युवाहरु जो दुवै बुबा आमासँग रहन्छन् उनीहरुले थोरै मात्रामा प्रेमको सम्बन्धको बारेमा अनुभव गर्दछन् । नतिजा स्वरुप धेरै जसो लाई साँचो प्रेम के हो भन्ने थाहानै हुँदैन ।

विध्यार्थीहरुलाई आशाको आवश्यक्ता धेरै जसो विध्यार्थीहरुले आज हितोपदेश १३:१२ को सत्यता अनुभव गरेका छन् । "क्षीण हुँदै गरेको आशाले हृदय दुर्बल पार्छ ।" उच्च स्थरीय विध्यायलयमा पढ्ने जवानहरुले उनीहरुको अभिभावकहरु द्धारा आफैलाई तल गिराएको, जीवनले पनि बेकार भएको अनुभव गर्दछन् । यसकारण कति जना यसबाट ड्रग, यौन र आत्मा हत्याद्धारा भाग्न खोज्दछन् । येशू खीष्टले मात्रै उनीहरुलाई आशा दिनसक्दछ "जसले निरुत्साहीत तुल्याउँदछ ।" (रोमी ५:५)

विध्यार्थीहरुलाई उद्देश्यको आवश्यक्ता  उनीहरु जस्तै म को हुँ ? म यहाँ किन छु ? र म कता गईरहेको छु ? भन्ने उत्तरहरुको खोजमा रहेको हुँदछ । उत्तरहरु त्यती सजिलो छैनन् । उनीहरु सँग धेरै राम्रो विकल्पहरु छन् यसमा रहिरहेर  भनि विध्यार्थीहरुले सुन्नु पर्दछ । उनीहरुलाई येशू ख्रीष्टमा मात्रै अन्तिम उद्देश्य छ भनि थाहा हुनुपर्दछ । जब उनीहरुले ख्रीष्टलाई र उहाँको पुनरुथानको शक्तिलाई थाहा गर्दछन् । (फिलिपि ३:१०) आफु विशेष उद्देश्यको निम्ति सिर्जना गरिएको रहेछ भनि उनीहरुले बुझ्दछन् ।

जब एकै किसिमका आवश्यक्ताहरुको सामना गर्दछन, येशूले प्रतिक्रिया दिनुहुन्छः “फसल त प्रशस्तै छन् तर खेतालाहरुको खाँचो छ ”(मत्ति ९:३७–३८) आजको विध्यार्थीहरुको सँस्कृतीलाई वास्ता गर्दा येशूले । विध्यार्थीहरु पहिले भन्दा परिवर्तन हुनको लागि धेरै खुल्ला भएका छन् । यस सेशनले हामीलाई एउटा रोमान्चकपुर्ण जाँच गर्दछ की उहाँले आजको विध्यार्थीहरु माझ पाकेको खेतमा कामदारहरु पठाउन चहानुहुन्छ ।

बलियो सम्बन्धहरुको निमार्ण

विध्यार्थीहरुको सँस्कृतीमा छिर्नको लागि हामीले जवानहरु विध्यार्थीहरुसँग सम्बन्धमा राख्नु पर्छ । सम्बन्ध निमार्णनै साँचो हो । सम्बन्धको सन्धर्वमा हामीले विध्याार्थीहरुलाई येशू ख्रीष्टमा आन्नदकमो जीवनको बारेमा बताउन सक्छौं । बलियो सम्बन्ध बनाउन उनीहरु जहाँ छन् हामी त्यहीनै जानु पर्छ ।

त्यो व्यक्ती जो जवानहरु माझमा उनीहरु भएको ठाँउमा गएर सम्बन्ध निमार्ण गर्दछ, उसको चरित्र कस्तो हुनुपर्छ ?

जवान मनिसहरुसँग रहने इच्छा हुनुपर्छ  (लूका १५:१–२, यूहन्ना १:१४) । यदि हामी विध्यार्थीहरु माझमा  जान चहान्छौ भने, हामी जवानहरुको सुरक्षित, सजिलो वातावरणबाट बाहिर निस्केर विध्यायलय, क्याम्पस र अरु जवानहरु भेटघाट र रमाइलो गर्ने ठाउँहरुमा जानुपर्छ । हाई स्कुल क्याम्पसमा गएर भेटेपछि, एक जना मानिसले भनेका छन्, उनीहरुको ठाउँमा जान विचार गर्दा अलि भारी महसुस हुँदछ । जब तपाई कति जना विध्यार्थीहरु छन् भनि सोच्नुहुन्छ, तपाईलाई अलि डर लाग्न सक्छ । जब तपाई उनीहरुले तपाईलाई स्वीकार वा ईन्कार गर्दछन् भनि चिन्ता गर्नुहुन्छ, तपाई झन डराउनु हुन्छ । तर जब म त्यहाँ गए, हामीले विध्यार्थीहरुको जीवनमा प्रभाव पार्न सक्दोरहेछ भनि मैले थाहा गरे । क्याम्पसमा गएर मात्रै कति धेरै नयाँ सम्बन्धहरु बनाउन सकिंदो रहेछ भनि मैले कुरामा म छक्क परे ।

जवानहरुलाई मित्रतामा जित्ने उत्कट ईच्छा (१ थेसोलोनिकी २:८)  विध्यार्थीहरुसँग मित्रतामा जित्नको लागि उत्तम उपाय भनेकै उनीहरुसँग समय बिताउनु हो । विध्यार्थीहरुले समय उच्चारण गर्न मनपराउँछन् । जब हामी उनीहरु प्रति वास्ता गर्दछौं, उनीहरुको रुचि प्रति र आवश्उक्तामा यसले विध्यार्थीहरुसँग हाम्रो सम्बन्ध अझै गहिराईमा लाँदछ । एक जना अगुवाले भनेका छन् “मण्डलीबाट बाहिर रेका विध्यार्थीहरुको सँस्कृतीमा छिंनाले हामीलाई विश्वासनियता दिंदछ । क्याम्पसमा हाम्रो उपस्थितिको कारण विध्यार्थीहरुले उनीहरु हाम्रो लागि महत्वपुर्ण छन् भनि ठान्दछन् । उनीहरु सहि छन् । उनीहरु महत्वपुर्ण छन् ।”

जवानहरुले येशूलाई चिन्नुको उत्कट इच्छा (मत्ति ४:१९) जवानहरुको आवश्यक्तामा उपलब्धता र संवेदनशिल्ताले हामीलाई खीष्टको बारेमा खुल्ला, साहशी र प्रेमपुर्वक प्रचार गर्न हामीलाई अवसरहरु प्रकट गर्दछ । अगुवा भएको कारण राख्नुहोस, "विध्यार्थीसँग एक्लै एक्लै बसेर येशूको बारेमा प्रचार गर्ने र उनीहरुको जीवनमा येशू खीष्टको सहायता माग्ने बाहेक अरु कुनै महत्वपुर्ण र उत्साहित कुरा छैन ।"

विध्यार्थीहरु जहाँ भएपनि उनीहरुलाई प्रेम गर्ने उत्कट इच्छा (लूका ५:१२–१६) आज विध्यार्थीहरुलाई प्रेमको खाँचो छ । उनीहरुको व्यवहार देखि नडराउनुहोस, उनीहरुको विद्रोहको रीससँग, अथवा उनीहरुको उदासीनताको द्धारा निराश देखिनै । विध्यार्थीहरु आफ्नो बानीलाई साँचो सम्बन्धमा लिएर जाँदछन् । विध्यार्थीहरु सँगको सेवकाईले तपाईलाई विध्यार्थीहरु प्रति आफ्नो व्यक्तिगत भावनालाई लिएर उनीहरुलाई साँचो प्रेम गर्ने अवसर प्राप्त हुँदछ । एक जना यूवा सेवकले यस प्रकार भनेका छन्: "क्याम्पसमा सेवकाई गरेर नतिजा प्राप्त भए अनुसार, विध्यार्थीहरुमाझ म धेरैनै दयावादी भएको छु । उनीहरुले प्रेम, उत्साह, र त्यो व्यक्ती जसले उनीहरुको समस्याको समाधान गर्न सक्दछ त्यसको आवश्यक्ता छ ।"

तपाइको विध्यार्थीहरु सँगको जवान सेवकाईको बारेमा केहि समय लिएर सोच्नुहोस । परमेश्वरले उनीहरुलाई प्रोम गर्न तपाईलाई शक्ति दिनुभएको होस भनि प्रार्थना गर्नुहोस । तपाइ सँग के कस्ता वरदान र खुबिहरु छन् ताकि त्यसले विध्यार्थीहरु सँग तपाईलाई रहनकोलागि मद्दत गर्दछ ? विध्यार्थीहरुलाई सेवकाई गर्नको निम्ति त्यस खुबि र बरदानहरुलाई चलाउनको लागि परमेश्वरसँग माग्नुहोस ।

कार्य बिन्दु सेशन ९

१. तपाईले हाल मात्रै विध्यार्थीहरुको सँस्कृतीमा के कस्ता चरित्रहरु अवलोकन गर्नुभएको छ ?

२. लूका ५:१२–१६ सम्म पढ्नुहोस । येशूको कस्तो गुणहरुको कारण उहाँले रोगको सट्टा मानिसलाई छुनुभयो ?

३. लूका ५:१२–१६ अध्ययन गर्दा विध्यार्थीहरुको जीवन छुवाइमा हामीले के सिक्न सक्छौं ?

४. ती विध्यार्थीहरु को को हुन जुनहरु भएको ठाउँमा गएर तिनीहरु लाई भेट्न सक्छौं ?

५.तपाई विश्वास नगरेकाहरु सँग सम्बन्ध निमार्ण गर्न आफ्नो इच्क्षा भएको महसुस गर्नुहुन्छ ? किन ? र किन होइन ?

६. मत्ति ९:३७–३८ कण्ठ गर्नुहोस । तपाइको परमेश्वर सँग दैनिक समय बिताउनु होस र मकूर्सको किताब पढ्नुहोस ।

सेशन १०

## विध्यार्थीहरुको साँस्कृतीकमा भित्रिनु भाग २

प्रेरीत यूहन्नाले हामीलाई विध्यार्थीहरुको सँस्कृतीमा पाईला चाल्दा आउने डरलाई जित्नकोलागि निकोहुने सिद्ध उपाय बताएका छन्: सिद्ध प्रेम । "सिद्ध प्रेमले डरलाई हटाउँदछ ।" ( १यूहन्ना ४:१८) । यूहन्नाको कथनमा दुईवटा भिन्दै आवेदन छछन् । पहिलो, हामीले खीष्टलाई प्रेमको गरेको कारण विध्यार्थीहरुलाई उहाँमा ल्याउनको लागि आवश्यक्ताहरु गर्न हामीलाई उत्प्रेरीत गर्दछ । दास्रो, जब हामी विध्यार्थीहरुसँग नजिकिन्छौं, हामी उनीहरुलाई दिनप्रतिदिन प्रेममा बड्दै जान्छौं ताकी हामी उनीहरुसँग एकै घर परिवारहरु जस्तै हुन्छौं । तल केहि सुझावहरु दिएका छन् जसको करण हामीलाई विध्यार्थीहरुसँग सम्बन्ध बनाउनलाई मद्दत गर्दछ ।

–प्रार्थना  खीष्ट हामीमा बास गर्नुभएको कारण, हामी जे पनि गर्नसक्छौं ! (फिलिपि ४:१३) येशू जसले हामीलाई क्यामपसमा जाँदा लाग्ने शुरुको डरलाई सहायता गर्नुहुन्छ ।  उहाँको प्रतिज्ञा र प्रबन्धको दाबी, र नयाँ विध्यार्थीहरुलाई भेट्दाको समयमा परमेश्वरको शान्ती होस् भनि प्रार्थना गर्नुहोस ।(फिलिपि ४:६–७)

–आक्रामक सोचाई  विध्यार्थीहरु भएको ठाउँमा जाँदा हाम्रो पहिलो प्रतिक्रिया हुनसक्छ, "यो मेरो व्यक्तीत्व हैन" तर खीष्टियान भएको कारण, हामी सबैजना "मानिसहरुका जालहारी हौं " (मत्ति ४:१९) जालहारीले माछा आफ्नो डुङ्गामा आफै उफ्रेर आओस भनि आशा गर्दैन । जहाँ माछा पाईन्छ ऊ त्यहीनै जान्छ र आफ्नो जालमा पार्नको लागि आक्रामक ढङ्गमा कोशिस गर्दछ । त्यही कारणले गर्दा हामी विध्यार्थीहरु जहाँ छन् त्यहाँ जानु पर्दछ । निडर युवा कामदारहरु विध्यार्थीहरु कहाँ जालहारी बन्न आवश्यक छ ।

–समावेश गर्नु  येशूलाई पापीहरुको डर थिएन । उहाँ उनीहरुसँग बात गर्नुहुन्थ्यो र उनीहर सँग हुनुहुन्थ्यो । जब हामी विध्यार्थीहरु सँग हुन्छौं, कसरी हाम्रो डर हराए भनि हामी पनि छक्क पर्नेछौं । हामी हाम्रो डर भन्दा पनि उनीहरुको आवश्यत्तामा ध्यान दिनछौं ।

–विध्यार्थीहरुसँग चिन्ने  चिन्ने घटना क्रममा सबै भन्दा ठुलो घटना जब येशू खीष्ट हामीलाई परमेश्वर प्रकट गर्न मानिसको रुप धारण गरी यस संसारमा आउनुभयो । (यूहन्ना १:१४) यसै अनुसार हामीले पनि विध्यार्थीहरुको पीडा, समस्या, आन्नद, र विजयीको अनुभव चिन्नु पर्छ ताकी हामी उनीहरुलाई येशू खीष्ट प्रकट गर्नसक्नेछौं ।

–संवेदनसिलता सँग प्रतिक्रिया  येशूसँग हरेक व्यक्तीको आवश्यक्ताहरु थाहा गर्न सक्ने अभूतपुर्व क्षमता थियो । विध्यार्थीहरुले सायद अँगालोमा चँगाइको छुवाईको आवश्यक्ता , पछाडी डाढमा ठप्प्पाएको, कुममा शिरराखी रुने, र केही उनीहरुले व्यक्त गर्ने अरु माध्यमहरु । हामी उनीहरुको त्यस किसिमको साथी बन्न सक्छौ ।

–निर्धक्क भई अघि जाने  सेवक भएको काराण, अरु मानिसहरुले देखे पनि नदेखे पनि पावलले आफैलाई परमेश्वरको प्रतिनिधि भनेका छन् । (२ केरिन्थी ५:२०) उनलाई ऊकोहो र कहाँजाँदै छु

भन्ने कुरा राम्ररी थाहा थियो । हामीले के गर्दैछौ भनि विध्यार्थीहरुले बुझ्न सक्दैनन् होला तर हामी ख्रीष्टको राजदुत भएको कारण परमेश्वरले हामीलाई पठाउनु भएको हो भनि हामीले थाहा गर्नुपर्छ ।

–मानिसहरुको वास्ता गर्नु पावलले आफ्नो जीवनको समय अरु मानिसहरुको निम्ति बिताए । जसरी आमाले आफ्नो बच्चालाई प्रेम गर्दछ त्यसरीनै उसले पनि अरु मानिसहरुलाई प्रेम गरे । उनले मैले मानिसहरुलाई सुसमाचार मात्र दिइन तर मेरो जीवननै अपर्ण गरे भिने भन्दछन् ( १थेसलोनिकी २:७–८) । हामी विध्यार्थीहरु सँग काम गर्ने भएको हुँदा, उनीहरुसँगको सम्बन्धलाई वास्ता गर्ने बाहेक हाम्रो निम्ति अरु केहि महत्पवुर्ण हुँदैन ।

शुरु गर्दै

जब हामी यस सिद्धान्तहरुलाई विध्यार्थीहरु सँग व्यवहारमा कायम गर्छौं, हाम्रो डर विध्यार्थीहरु प्रति साँचो प्रेममा पग्लेर गएको थाहा गर्छौं । त्यसो भए कसरी हामी विध्यार्थीहरुको संसारमा छिर्न सक्छौं ?

पहिलो कदम अनुमति प्राप्त गर्नुहोस यदि हामी कोर्नुबाट शुरु गर्दै छौ र क्याम्पसमा जान चहान्छौं भनि, पहिले हामीले विध्यायलयको प्रधान्अध्यायपक सँग भेट्नकोलागि अनुमति लिनु पर्दछ र हामी को हौं र हामीले के गर्छौं भन्ने उहाँलाई बताएको हुनुपर्छ । हामीले उहाँलाई हामी विध्यार्थीहरुको वस्ता गर्छौं र हामी उनीहरुलाई सहयोग गर्न चहान्छौं भनि शुरु गर्नसक्छौं ।हामीले सके सम्मको सहयोग गर्छौं भनि प्रस्ताव राख्नुहोस । यदि तपाई आफै अभिभावक हुनुहुन्छ भने, तपाईको निम्ति ढोका सँधैं खुल्ला हुन्छ । यदि हैन भने, यस प्रयासले ढोका खोल्नेछ । अनुरोध गर्नु वा आपुर्ति गर्नाले मात्रै सबै राम्ररी जान्छ भन्ने होइन, कुनै योग्य कारण जस्तै बाईबल अध्ययन वा विधानसभा । यीनिहरुबाट टाढै रहनुहोस ।

यदि विध्यायलय क्याम्पस नजाने भेट्नेहरुको लागि बन्द छ भने पनि, यस दृष्टीकोणले काम गर्दछ । यदि हामीले विध्यायलय बाहिर पनि विध्यार्थीहरुले गर्ने कार्यहरु अरु रचनात्मक विकल्पहरु ( फुटबल अभ्यास, ड्रील टिमको अभ्यास, विध्यार्थीहरु सँगै घर जाने, बलको खेलहरु, क्वायर अभ्यास, ड्रामा अभ्यास ईत्यादी) यसले गर्दा हामी विध्यार्थीहरु सँग अझै नजिक हुन सक्छौं । हामी जहिले पनि विध्यार्थीहरु भेट्न उनीहरु कहाँ छन् भनि खोज्न सक्छौं ।

दोस्रो कदम उत्तम साय छान्नु होस यसलाई तपाईको दैनिक वा हप्ताको तालिकामा राख्नुहोस । केहि सम्भव विकल्पहरु :

विध्यायलय हुनु अघि: विध्यार्थीहरुलाई विध्यायलयमा पुऱ्याउान सहयोग गर्नुहोस । उनीहरु सँग विध्यायलयमा भेट्नुहोस र कक्षा सम्म लग्नुहोस ।

खाना खाने समयमा: क्याफेमा विध्यार्थीहरु सँग खाना खान जानुहोस । तापाईको मण्डली देखि एउटा जवान अगुवालाई लिएर खाना खानको लगि जानुहोस । यसले तपाइलाई एउटा राम्रो बाहाना हुनेछ । त्यस पछि उनीहरुले तपाईको साथीहरुलाई परिचय दिनसक्छ । अथवा विध्यार्थीहरुको झुण्डलाई खाना खान बाहिर जानुहोस । उनीहरुले अनुमति पाएका छन् भन्नेमा निश्चित हुनुहोस ।

विभिन्न गतिवितिहरुः क्लबको प्रायोजक बन्नुहोस, विध्यालयको खेलको प्रशिक्षक, टिमको प्रायोजक, ईत्यादी , खेलहरुमा सहभागि, खेलहरु, भेटघाट, र अरु विध्यालयको कार्यक्रमहरु ।

विध्यायलय पछि/बेलुकी : निरन्तर रुपमा लोकल भेटघाटमा हुनुहोस र विध्यार्थीहरु सँग समय बिताउनु होस ।

तेस्रो कदम तपाईको वरपरलाई प्रार्थनको घेरा भित्र राख्नुहोस  हामीलाई निरन्तर प्रार्थनाको आवश्यता पर्दछ ।विध्याार्थीहरु सँग भेट्नु अघि, भेट्दा र भेटे पछि सम्म निरन्तर प्रार्थन गनुहोस । प्रँर्थनाले केबल हाम्रो डरलाई नियन्त्रण राख्न मात्र सहयोग गर्दैन तर यसले परमेश्वरमा हामीलाई विध्यार्थीहरुको आवश्यक्ता सँग भेट्नको लागि पनि मद्दत गर्दछ ।

चौथो कदम नयाँ विध्यार्थीहरु सँग निरन्तर रुपमा भेट्नुहोस  हामीले चिनेका विध्यार्थीहरु सँग भेट्नु र उनीहरु सँग रहि रहनु हाम्रो मुख्य कार्य हो । यस बन्धनमा नफस्नुहोस । हामीले आफैलाई भिन्दा भिन्दै झुण्डहरुसँग समय बिताई चेलापनमा राख्नु पर्छ र दैनिक रुपमा नयाँहरुसँग भेट्घाटमा रहनु पर्छ ।

पाँचौ कदम विध्यायलयको समय नमाग्नुहोस वा अरु सुविधाहरु पनि  ख्रीष्टियन क्लबको लागि डिभोशन गर्न छुट्टै कोठा माग्ने, वा विधानसभा गर्नको लागि माग राख्नेले हामीलाई परीक्षमा निम्त्याउन सक्छ । परीक्षामा नपर्नु होस । पहिला विध्यायलयको अगुवाहरु सँग विश्वासीलो सम्बन्ध बनाउनुहोस । जहिले पनि क्याम्पसमा हुनुक उद्देश्यमा रहनुहोस । विध्यायलयको पढाई भईरहेको बेलामा प्रशासकको अनुमति बिना त्यस समयमा नजानुहोस वा अरु विशेष कार्यक्रमहरु जस्तै विधानसभा, र्‍याली, र अरु मानिसहरुलाई खुल्ला दिएको निमन्त्रणाहरुमा ।

हामी क्याम्पसमा भए वा नभएता पनि हामीले तल दिएका समान्य सुझवहरुमा ध्या दिनुपर्छ ।

–विध्याार्थीहरुलाई सहयोग गर्ने बाटोहरु खोज्नुहोस ।

–कुनै मनपर्ने खेलखेल्नुहोस ।

–नामहरु कण्ठ पार्ने कोसिस गर्नुहोस ।

–आफैलाई प्रकट गर्नुहोस ।

–अरुलाई अपमान वा व्याङ्ग नगरिकन हास्य कार्यहरु गर्नुहोस ।

–चाहिएको खण्डमा उपस्थित हुनुहोस ।

सम्बन्धको निमार्ण गर्नुहोस, तर मण्डलीको प्रचार नगर्नुहोस । ख्रीष्टको बारेमा क्याम्पसमा प्रचार नगर्नुहोस, तर विध्यार्थीहरुलाई बीचको कार्य निभाउन सहयोग गर्नुहोस । विध्यायलय र विध्यार्थीहरुको आवश्यक्तामा सेवा पुर्‍याउनुहोस ।

यदि हामीले प्रेम, स्वीकार, र विश्वासमा साथीको निमार्ण गर्छौं भने, विध्यार्थीहरुले हामीले के जान्छौं त्यो थाहा गर्न चहान्छन् ! त्यस पछि हामीले गर्ने भनेकै उनीहरुलाई बताउने हो ।

कार्य बिन्दु सेशन १०

१. यस सेशनमा व्याख्या गरेको धर्मशास्त्रबाटको सिद्धान्तलाई प्रयोग गरी, हामीले कसरी विश्वास नगरेको विध्यार्थीहरुलाई माथिल्लोमा रहेको हाम्रो व्यक्तिगत डरलाई जीत्न सक्छौं ?

२. हरेक हप्ता क्याम्पसमा वा वरपरमा विश्वास नगरेकाहरुलाई भेट्ने के कस्ता आवश्यक कदमहरु हामीले लिनु वा गर्नु पर्नेरहेछ ?

३. तपाईको लोकल क्याम्पस र विध्यार्थीहरुको जानकारीहरु लिई एकैठाउँमा रखेर शुरु गर्नुहोस ।

विध्यायलयमा विध्यार्थीहरुको संख्या

विध्याार्थीहरुको अगुवाको नाम

प्रशासनको अगुवा

खेलका कार्यक्रमहरु

प्रशिक्षकहरुको नाम

विभिन्न कर्यक्रमहरु

भेट्नेहरुको नियमहरु

विध्यायलयको सह्लाकारको नाम

क्लब

लोकल भनाई

४. कुन समय र कार्यहरु तपाईको लागि सम्बन्ध बनाउन उत्तम हुँदछ ?

५. तपाईलाई थाहा भएको ३ जना विश्वास नगर्नेहरुको नाम लेख्नुहोस । उसको नामको छेऊमा उसको बारे केहि जानकारी लेख्नुहोस ।

१.

२.

३.

६. तपाईको विध्यार्थीहरु सँग गरेको यसको बाँकी रहेको क्वाटरमा भेटको रेकर्ड राख्नुहोस । तल दिएको जानकारीहरु राख्नुहोस :

| विध्यार्थीको नाम | मिति | समय | ठाउँ | तपाईले के को बारेमा कुरा गर्नुभयो |
|---|---|---|---|---|
| .................. | ......... | ......... | .......... | .................................. |
| .................. | ......... | ......... | .......... | .................................. |
| .................. | ......... | ......... | .......... | .................................. |
| .................. | ......... | ......... | .......... | .................................. |
| .................. | ......... | ......... | .......... | .................................. |
| .................. | ......... | ......... | .......... | .................................. |
| .................. | ......... | ......... | .......... | .................................. |

७. १ थेसलोनिकी २८ पद कण्ठ गर्नुहोस । परमेश्वरसँग दैनिक व्यक्तिगत समयमा बिताउनुहोस ।

सेशन ११

## विध्यार्थीहरु माझ येशूलाई प्रकट गर्ने

तपाई चिनेको विध्यार्थीहरुको बारेमा एकछिन सोच्नुहोस् । उनीहरुले मन पराउने र उत्साहित हुने क्रियाकलापहरुको टिप्पोट बनाउनु होस् । के तपाईले मण्डली जाने बारेमा तपाईको टिप्पोटमा राख्नु भएको छ ? सायद राख्नु भएको छैन होला ! विध्यार्थीहरुलाई बिन्ति गर्दैमा धेरै जसो मण्डलीमा जान खोज्दैनन् । जबसम्म, उनीहरुले आदार गरेको व्यक्तिले उनीहरुलाई जाऊ नभनिकन र जबसम्म मण्डलीले आफ्नो ठाउँ जानको लागि उचित जबनाएसम्म उनीहरु जान खोज्दैनन् ।

जुनै पनि मण्डलीले बाहिर जानको निम्ति ठाँउ बनाउन सक्छन् । जब येशू भीडसँग बोल्दै हुनुहुन्थ्यो, उहाँले रोमाञ्चक पूर्ण कार्यहरु गर्दैहुनुहुन्थ्यो । उहाँले आफ्नो दर्शकहरुको ध्यान केन्द्रीत र आदार पाउँदै जानुहुन्थ्यो । यसरीनै हाम्रो मण्डलीहरु येशू ख्रीष्टको निम्ति विध्यार्थीहरु माझ जान सक्छन् । यदि हामीले मण्डलीको भेटघाट उत्साहपूर्ण बनायौ भने, ख्रीष्टियन विध्यार्थीहरु आफ्ना साथीहरुलाई लिएर आउनको निम्ति डराउँदैनन् । अनि ती हराएका साथीहरु आउनको निम्ति आन्नदित हुन्छन् ।

बाहिरको अवसरहरु सृजना गर्नाले विश्वास नगार्ने विध्यार्थीहरु माझ येशू ख्रीष्टको सु–समाचार उत्साहित साथ लिएर जान मद्दत गर्दछ ।

बाहिर जाने कार्य भन्नाले के बुझिन्छ ?

बाहिर जाने कार्य एउटा भेटघाट हो जहाँ ख्रीष्टलाई दाबी गरी व्यक्त गरिन्छ । येशूले अरुहरु माझ आफूलाई प्रकट गर्न आफ्नो जीवनको परिस्थितिहरुलाई चलाउनु भयो । उहाँ ईनारमा रहेकी स्त्रीको निम्तिजीवनको पानी बन्नु भएको थियो ।आन्द्रियास र पत्रुस (मछुवा) को निम्ति मानिसको जालहारी बन्नु भयो । उहाँ असल गोठालो र महान् चिकित्सक बन्नु भयो । अनि आझ येशूलाई विध्यार्थीहरु माझ उनीहरुले बुझ्ने र सम्बन्धित भएको रुपमा प्रस्तुत गर्न आवश्यक छ ।

बाहिर जाने कार्यमा विध्यार्थीहरुको झुण्ड समावेश भएको हुनुपर्छ । जहाँ–जहाँ येशू जानु भयो, भिडहरु उहाँमा आकर्षित भए । मकूर्सले बताउँदछ, येशूले तालको छेऊछाऊमा रहेर सिकाउनु भयो । यति ठूलो भीड जम्मा भयो, कि उहाँ डुङ्गामा चढेर समुन्द्रमै रहनुभयो, र सबै भीड चाँहि समुन्द्रको किनार पाखामै थियो । (मर्कूस ४:१) बाहिर जाने कार्यले विध्यार्थीहरुको भीडलाई समावेश गर्दछ ।

बाहिर जाने कार्यले विश्वास गर्ने विध्यार्थीहरुलाई आफ्ना विश्वास नगर्ने साथीहरुलाई लिएर आउनको निम्ति उत्साह दिंदछ । येशूले कर उठाउने लेवीलाई आफ्नो पछि लाग्न र चेलाहुनको निम्ति बोलाउनु भयो । पछि, लेवीले आफ्नो घरमा कार्यक्रमको आयोजना गरे जहाँ उनका साथीहरुले पनि येशूलाई भेट्ने अवसर पाए । यसरीनै, बाहिर जाने कार्यले विश्वास गर्ने विध्यार्थीहरुले आफ्ना विश्वास नगर्ने साथीहरुलाई लिएर आउनको निम्ति रामाईलो ठाउँको अवसर प्रदान गर्दछ ।

बाहिर जाने कार्य किन महत्व छ ?

बाहिर जाने कार्यले जवान मानिसहरु सँग भेटघाट गर्ने बनावट मष्तिकमा हालिदिन्छ। बाहिर जाने कार्य मण्डलीको बोर्डको, डीकनहरु, वा अन्य अरु उमेरका झुण्डहरुको आवश्यक्ता हेरेर योजना बनाउनु हुँदैन। (उनीहरुको आवश्यक्ता परेता पनि)। जब जवान मानिसहरु वातावरणसँग सहज महसुस गर्दछन्। उनीहरु आफ्ना साथीहरुलाई निमन्त्रणा दिन उत्साहित हुन्छन्।

बाहिर जाने कार्य सु–समाचारमा केन्द्रित हुँदछ । अरु बाहिर गएको बेला समय र पैसा खर्च भएकोलाई लिनुहोस् र त्यसलाई अविश्वासीहरु माझमा जानको निम्ति लगानि गर्नुहोस्। यसले तपाईलाई सुसमाचारमा केन्द्रीत गर्दछ।

बाहिर जाने कार्यले खीष्टियन विध्यार्थीहरुलाई उत्साह दिंदछ। बाहिर जाने कार्यले विध्यार्थीहरुलाई येशू खीष्टको बारेमा कुराकानी र राम्रो समयको अवसर मात्रै प्रदान गर्दैन, यो त्यो समय पनि हो जहाँ उनीहरुले आफ्ना साथीहरुले खीष्टलाई थाहा गरेको देख्न सक्छन्। बाहिर जाने कार्यले चेलापकनको झुण्डमा रहेका विध्यार्थीहरुलाई साथीहरुको माझमा जानको निम्ति सुनौलो अनसरको सृजना गर्दछ। चेला भएका विध्यार्थीहरुलो उनीहरुका साथीहरु लिएर आउन सक्दछन्, गवाही बन्न सक्छन्, सेव ागर्न सक्छन्, परार्मष गर्न सक्छन्, खीष्टलाई ग्रहण गर्न सहयोग गर्न सक्छन् , र उनीहरुलाई निरन्तर प्रभुमा डोहोर्‍याउन सक्छन्।

बाहिर जाने कार्यले पाँचवटा मूल सिद्धान्तहरुको पक्षलाई एकै ठाउँमा समावेश गर्दछ। जब जवान अगुवाहरु (अगुवा झुण्ड) विध्यार्थीहरु माझ बाहिर जान्छन् (सँस्कृतीमा छिर्ने) र जब विध्यार्थीहरु आफ्नो विश्वासमा बड्छन् (चेलापनको झुण्ड) त्यस पछि बाहिर जानेकार्यले जवान मानिसहरुलाई येशू खीष्टमा ल्याउन अझै शक्तिशाली औजार बन्दछ।

बाहिर जाने कार्य आफै सफलता हासिल गर्दैन। हामीले यसमा गरेको कार्य अनुसारनै यसको सफलता वा असफलता छुट्याउँदछ। केहि कुराहरुले यसको शरुवात देखिनै विफल पार्न खोज्छन्।

- जब जवान अगुहरुलाई हराएका विध्यार्थीहरु बारे थाहा हुँदैन। ईसाईहरु मात्रै भेटघाट भएमा त्यो बाहिर जाने कार्य हुँदैन। यदि हाम्रा अगुवाहरुले विश्वास नगर्ने विध्यार्थीहरु माझ येशू खीष्टको बारेमा बाढ्न अगुवाई गर्दैनन् भने हाम्रा विध्यार्थीहरुले यस प्रकारको व्यवहारलाई नक्कल गर्दछन् र आफ्ना साथीहरु माझ जान कुनै चासो राख्दैनन्।
- यदि विश्वास गरेका विध्यार्थीहरुलाई चेला बनाएनौ भने, उनीहरुमा खीष्टको गवाही बन्ने कुनै उत्साहित हुँदैनन्। यसको सामना गरौं, विध्यार्थीहरु खीष्टमा साहस बिना कहिल्यै आँदैनन्, विश्वास गरेका विध्यार्थीहरु जसले उनीहरु सँग खीष्टको बारेमा बाँड्छन्। जब विधयार्थीहरुलाई चेला बनाउँछौं, उनीहरुले आफ्नो विश्वासको बारेमा बाड्ने खुबी मात्रै बिकास गर्दैनन्, तर उनीहरुले उत्साह र पवित्र आत्माको शक्ति प्राप्त गर्छन् जसले गर्दा उनीहरुले साथीहरुलाई प्रभाव पार्ने फाइदा पाउँछन्। त्यस पछि मात्रै उनीहरुले आफ्ना साथीहरुलाई येशू खीष्टमा प्रभावित पार्न सक्छन्।

हामीले बाहिर जाने कार्यलाई कहिले शुरु गर्छौ ?

जवान कामदारहरु सजिलै सँग कार्यक्रमहरुको योजनाहरु मात्रै गर्ने जालमा फस्न सक्दछन् । जब यस कार्यक्रमहरुले धेरै जवान मानिसहरुलाई लिएर आउँदछन्, यस किसिमको कोसिशहरु लामो समयको हिंडाईमा असफल हुनसक्छ किनभने यस किसिमको भेटघाटले नयाँ विश्वास गरेका थोरै मानिसहरु मात्रै निरन्तर भेट्नाले वा चेलापनको कारण खीष्टको शरीरमा समावेश हुने गर्छनन् । यसकारण बाहिर जाने कार्यहरुको योजनाहरु बनाउनु अघि केहि खण्डहरु मिलाउनु पर्छ । यदि यस खण्डहरु नभएमा बाहिर जाने कार्य असफल हुँदछ ।

खण्ड १ जवान अगुवाहरु समावेश हुनुपर्छ ।

बाहिर जाने कार्यमा उनीहरुको सेवकाई कहिले तयार छ भनि अगुवा झुण्डले जान्नु आवश्यक पर्दछ । यो गर्नलाई के को आवश्यक छ ? के उनीहरु आवश्यक पैसा र समयलाई लगानि गर्न तयारी छन् ? के पाँच सिद्धान्तका सिद्धान्तहरुले राम्ररी काम गरिरहेका छन् ?अगुवापनको झुण्ड ले निर्णय लिनु अघि यी साथसाथै अरु प्रश्नहरुको उत्तर पनि दिनसकेको हुनुपर्छ ।

खण्ड २ विध्यार्थीहरु चेलापनमा समावेश हुनुपर्छ ।

चेलापनले परमेश्वरले उनीहरुद्धारा के गर्न सक्नुन्छ भनि गहिराई र दर्शनको निमार्य गर्दछ । उनीहरुको चेलापनको हुर्कने क्रममा उनीहरुले अरुहरु विध्यार्थीहरुले पनि खीष्टलाई चिनेको हेर्न चहान्छन् । सक्रिय चेलापनले बाहिरी जाने कार्यमा विध्याार्थीहरुको बलियो सहभागिताको नतिजा ल्याउँदछ ।

खण्ड ३ विध्यार्थीहरु आफ्नो विश्वास बडाइकन सक्रिय रुपमा सहभागिता हुनुपर्छ ।

जब सम्म विध्यार्थीहरुमा सुसमाचारको चाहाना हुँदैन, तब सम्म उनीहरुमा आफ्ना साथीहरुदलाई बाहिर जाने कार्यमा ल्याउने बोझ हुँदैन । एउटा प्रश्नः हामीले कसरी आफ्ना विध्यार्थीहरुलाई उनीहरुको विश्वासको बारेमा बँड्नलाई सुसज्जित गर्ने ?

खण्ड ४ अगुवाहरु र विध्यार्थीहरु, विध्यार्थीहरुको सँस्कृतीमा छिर्नु पर्दछ ।

हामीले कसरी विश्वास नगर्ने विध्यार्थीहरु सँग सम्बन्ध नबनाईकन बाहिर जाने कार्य देखाउन सक्छौं ? सँस्कृतीमा छिर्नाले मण्डली देखि अविश्वासी जवान मनिसहरु बीच पुलको काम गर्दछ । जब जवान र विध्याार्थीहरु क्याम्पसमा जाँन्छन्, उनीहरुले मार्गहरु खोल्दछन् जसद्धारा विध्यार्थीहरुलाई बाहिर जाने कार्य ल्याउन सकिन्छ ।

खण्ड ५ मण्डलीको अगुवाहरुको सहयोग हुनुपर्दछ ।

मण्डलीको पाष्टर र अगुवाहरु जवान सेवकाईको निम्ति सहयोगी हुनुपर्दछ जुन एकदमै महत्वपुर्ण छ । एउटा अनुरोध : पाँचवटा मुल सिद्धान्तको रणनीति (पृष्ठ ३ र ४) लेखेर पाष्टर र

मण्डलीका अरु अगुवाहरुलाई दिनुहोस् । यसले  गर्दा जवान सेवकाई कतातर्फ जाँदैछ भनि उनीहरुले  थाहा गर्न सक्छन् । उनीहरुलाई दर्शन भन्नुहोस् ।

खण्ड ६ परमेश्वरलाई देखाउनुहोस् भनि माग्नुहोस् ।

परमेश्वरसँग यस कार्य गर्ने उचित समय र सानो भन्दा सानो जानकारी छ, जुन हाम्रैं उत्तम योजना भन्दा पनि उत्तम छ । शुरु देखि अन्त सम्मै प्रार्थना गर्नुहोस् । उहाँलाई योजना बनाउने प्रक्रियामा निम्तो दिनुहोस, त्यस पछि पवित्र आत्माको शक्तिमा उहाँलाई यस कार्यबारे आफै देखाउनुहोस् भनि माग्नुहोस् । यदि यो मूल्यवान गराई छ भने! यो मूल्यवान गराई असल छ ! यो शुरु गर्नुअघि मूल्य गन्नुहोस् !

कार्य बिन्दु सेशन ११

१ इसाई भएर तपाईको अनुभवबारे एकपटक सोच्नुहोस् । कुन कार्यमा सहभागि भएर तपाईको निम्ति अर्थपूर्ण भएको थियो ? त्यसलाई केले अर्थपूर्ण बनाएको थियो ?

२. १ राजा १८:२०–४० सम्ममा केले बाहिर जाने कार्यलाई रोमान्चक बनाएको छ ?

३. तपाईलाई थाहा भएको एकजना हराएको विध्यार्थीको आवश्यक्ताको आँकलन गनुहोस् । बाहिर जाने कार्यको बनावटले उसलाई कसरी सहयोग गर्न सकिन्छ ?

४. मानिलिनुहोस् तपाईसँग सिमित समय र प्रार्थमिक्ताहरु छन्, हाल के तपाईको मण्डलीमा बाहिर जाने कार्य गर्न सम्भव छ ? यसलाई सम्भव गर्नका निम्ति के कस्ता आवश्यक्ताहरु चाहिन्छन् ?

यदि हामीले बाहिर जाने कार्यलाई निर्णय गरेको छौं भने हामीले कसरी प्रार्थमिक्ता वा पुन मूल्याङ्कन गर्नसक्छौं ?

५. यूहन्ना ७:३७–३८ कण्ठ गर्नुहोस् । मर्कूसको किताब पढि तपाईको दैनिक परमेश्वरसँगको समय बिताउनुहोस ।

सेशन १२

## सबैलाई एकै ठाउँमा राख्ने

गएको ११ वटा सेशनहरुमा हएउटा स्वास्थ्य, राम्रो सन्तुलन भएको येशूमा केन्द्रीत जवान सेवकाईकोलागि चाहिने तत्वहरुको जाँच गऱ्यौं : खीष्टको प्रभुत्वमा, अगुवाको भ्फुण्ड, चेलाहरुको भ्फुण्ड, व्यक्तिगत प्रचार, बाहिर जाने कार्यहरु । अब हामी केहि समय रोक्नेछौं र केहि प्रश्नहरुको उत्तर दिनेछौं ।

–अगुवाको भुमिकामा परमेश्वरले ममा के उद्देश्य राख्नुभएको छ ?

–हाम्रो जवान सेवकाईमा परमेश्वरको उद्देश्य के छ ?

यो दुईवटा प्रश्नहरु एकआपसमा मिलेको छ । वास्तवमा यीहरु एकआपमा मिलेका छा् । तपाई अगुवा हुनुको उद्देश्य र तपााईको जवान सेवकाईको उद्देश्य एकै हुन सक्छ र एउटै पनि । ( एफिसी ४:११–१६) ले हामीलाई त्यस उद्देश्यलाई वर्णन्न् गर्न सहायता गर्दछ । यस हरफलाई पढ्नुहोस र उद्देश्यलाई वर्णन्न् गर्ने पदलाई चिन्ह लगाउनु होस ।

फलदायक सेवकाईको परिणाम

जब हामीले एफिसी ४:११–१६ मा उल्लेख गरिएको हाम्रो सेवकाईको उद्देश्यबारे बुभ्फ्छौं र यसमा अगाडि बड्छौं, हामीले केहि परीणामको आशा गर्नसक्छौं ।

–पुरै भ्फुण्ड निमार्ण हुँनेछ र एकीकृत पनि, विश्वास र ज्ञान दुवैमा (एफिसी ४:१२)

–एक एक जना “सहभागिहरु परिपक्व, पुरै नापमा खीष्टको पूर्णतामा” हुनेछ (एफिसी ४:१३)

–जवान सेवकाईले अगुवाहरुलाई सुसज्जित पार्नेछ । (एफिसी ४:१३)

त्यस पछि सबै सहभागिहरु (जवान पाष्टर, सेवकहरु, अभिभावकहरु र विध्यार्थीहरु) खीष्टमा परिपक्व हुनेछन् (एफिसी ४:१३)

परिपक्वका चिन्हहरु

परिपक्व हुन बुभ्फाई परिवर्तन हुन्छ । मानिसहरु “तब हामी विभिन्न सिद्धान्तहरुको प्रत्येक बतास र छालहरुले ओल्ट्याङ पोल्ट्याङ पार्ने, धूर्त मानिसहरुका जालभ्फेल र चलाक कार्वाहीद्धारा ठगिने साना बालकहरु जस्ता नहोऔं ।” (एफिसी ४:१४) हुनेछैन्न । र उनीहरुले प्रेममा सत्यता बोल्ने छन् । त्यस सत्य र प्रम जसले पुरै भ्फुण्डलाई (शरिर) उहाँमा हुर्कनको निम्ति प्रभाव पार्दछ, जो शिर हुनुहुन्छ, (खीष्ट) (एफिसी ४:१५) यसरीनै पुरै भ्फुण्ड समावेश र संचालन हुँदछ । (एफिसी ४:१६)

कस्तो उद्देश्य ! अगुवाहरुलाई सुसज्जित गर्ने ( जवानहरु, सेवकहरु, अभिभावकहरु र विध्यार्थीहरु ) ताकि हरेक सबै परिपक्व तिर बड्दै जानेछन र साथै झुण्ड पनि परिपक्व तिर बड्दै जानेछ ।

उद्देश्यमा केन्द्रीत

यसले हामीलाई यस सेशनको पहिलेको प्रश्न जसमा हामी रोकिएका थियौं त्यसमा लग्दछ ।

अगुवाको भुमिकामा परमेश्वरको ममा के उद्देश्य छ ? यसको उत्तर केन्द्रीत छ :

अगुवाहरुलाई सुसज्जित गर्नु । पाँचवटा सिद्धान्तद्धारा, येशूलाई नमुना स्वरुप राखेर, तपाईले यस उद्देश्यमा आफ्नो ठाउँ भेट्नु हुन्छ ।

अहिलेनै , प्रार्थनामा समय बिताउनुहोस् । परमेश्वरले तपाईलाई अगिबाटै अरुहरुलाई सहयोग गर्नकोलागि सुसज्जित पार्नु भएको निम्ति धन्यवाद दिनुहोस् अझै परिपक्व हुनकोलागि पनि । तपाईको जीवनमा (एफिसी ४:११–१६) र तपाईको मण्डलीको जवान सेवकाईमा पुरा भएको होस् भनि परमेश्वरसँग माग्नुहोस । यस उद्देश्यलाई पुरा गर्न पाँचवटा सिद्धान्तहरु कसरी पुर्ण भएको होस भनि उहाँसँग प्रार्थना गर्नुहोस् ।

कार्य बिन्दु सेशन १२

१. तपाई अरुहरुलाई सुसज्जित बनाई परिपक्व बनाउनकोलागि आफै कतिको सुसज्जित हुनुभएको छ ? तपाई अझै राम्ररी सुसज्जित हुन के कस्ता कदमहरु चाल्नुपर्दछ ?

२. जब तपाई आफ्नो मण्डलीको जवान सेवकाईलाई एफिसी ४:११–१६ सम्म सोच्नु हुन्छ र पाँचवटन सिद्धान्तहरु पनि, तपाई यसलाई कसरी मूल्यन्ङ्कन गर्नुहुन्छ ? जब तपाईले सक्नुहुन्छ, कार्य बिन्दु सेशन २ को प्रश्न नं २ मा तपाईले दिनुभएको आफ्नो उत्तरको सँग तुलना गर्नुहोस् ।

| | हामी कहाँ छौं | हामी कहाँभएको म चहान्छु |
|---|---|---|
| खीष्टको स्वामीत्व | | |
| अगुवा झुण्ड | | |
| चेलाहरुको झुण्ड | | |
| व्यक्तिगत प्रचार | | |
| बाहिर जाने कार्यक्रमहरु | | |

३. तपाई आफ्नो जवान सेवकाईमा रहेका विध्यार्थीहरु लाई कसरी मुल्याङ्कन गर्नुहुन्छ ? तपाईको जवान सेवकाईमा रहेका सबै विध्यार्थीहरुको डाटा बनाउनुहोस् । त्यसै गरी अभिभावक र सेवकहरुको पनि लिस्ट तयार गर्नुहोस् । तपाईले सी, एन्सी, वा एन्.एस् को उनीहरुको नाम राख्नुहोस् ।

| खीष्टटियन | अविश्वासी | थाहा नभएको |
|---|---|---|
| | | |

तपाईका जवान सेवकाईका खीष्टीयन विध्यार्थीहरु, अभिभावकहरु र सेवकहरुलाई कसरी छुट्याउनुहुन्छ ?

| नयाँ विश्वाासी | चेलाबन्न तयार | अरुलाई चेला बनाइरहेका |
|---|---|---|
| | | |

यसले तपाईलाई उनीहरु शुरुको बिन्दुमा हिडिरहेको र अब उनीहरु कहाँ जानु पर्छ भन्ने कुरालाई बताउँदछ ।

४. तल दिएको व्यक्तिगत कार्य योजना भर्नुहोस् ।

| कार्य योजना | खीष्टको स्वामित्व | अगुवा झुण्ड | चेलापनको झुण्ड | व्यक्तिगत प्रचार | बाहिरी कार्यक्रम |
|---|---|---|---|---|---|
| कस्ता लक्ष्यहरु सक्नु आवश्यक छ ? | | | | | |
| ती लक्ष्यहरु सक्नु कस्ता कदमहरु चाल्नु पर्दछ ? | | | | | |
| तपाईको पहिलो कदम के हो ? तपाई यो कदम कहिले लिनुहुन्छ ? | | | | | |
| के कस्ता चुनौतीहरुको सामना गर्नुहुन्छ ? | | | | | |
| तपाई कसरी यी चुनौतीहरुलाई जित्नु हुन्छ ? तपाई आफ्ना बढ्नेक्रम कसरी नाप्नुहुन्छ ? | | | | | |

५. एफिसी ४:११–१३ कण्ठ पार्नुहोस् । मर्कूसको किताब पढि तपाईको दैनिक परमेश्वरसँगको समय बिताउनुहोस् ।

मुख्य कुरा : विध्यार्थीहरुलाई अगुवाई गर्ने दक्ष्यता र खुबीमा जानु अघिजीवन र सेवकार्यको निम्ति दर्शन भन्ने किताबबाट  तपाईले सबै गृहकार्य सक्नुभएको छ भन्नेमा निश्चित हुनुहोस् र परमेश्वसँग समय बिताउने, (पदहरु कण्ठ गर्ने र हप्ताको पढाई र प्रोजेक्टहरु) ।

छलफल पुस्तीका

किनभने विभिन्न व्यक्तिहरुले झुण्डको अगुवाई गरेको कारण, हामी अगुवा भएको हुनाले त्यस हप्ता विध्यार्थीहरुलाई उपयुक्त छलफल गर्ने निर्देशिका दिएर सहयोग गर्न सक्छौं । प्रश्नहरु र सुझावहरुले गर्दा उनीहरु हरेक सेशनको हृदयबाटनै नजिक पुग्न सहयोग मिल्दछ । यस सेशनको शिर्षक र सामग्रीमा केन्द्रित भई तपाईका आफ्ना प्रश्नहरु, सुझावहरु र आवेदनहरु जोड्नुहोस् ।

सेशन १ झुण्डको प्रोजेक्ट

१. हरेक व्यक्तिलाई सर्म्पक गरी यो विशेष भेटघाटमा आउने नआउने बारे पूर्ण जानकारी लिनुहोस् ।

२. प्रत्येक व्यक्तिको प्रार्थनको विषय संकलन गर्नुहोस र त्यसको अर्को प्रति बनाउनुहोस् (व्यक्तिको अनुमतिमा) र त्यसलाई आधा दिनको प्रार्थनामा वितरण गर्नुहोस् । हरेक व्यक्तिलाई अरुहरुलाई प्रार्थनाको समयमा यी प्रार्थनाहरुको विषयमा प्रार्थन ागर्न उत्साह दिनुहोस् ।

३. जब झुण्डको आधा दिनको प्रार्थना पछि फेरी भेट्छन्, तपाईले केहि प्रश्नहरु मूल्याङ्कन गरी बनाउनुहोस् । -के यो अनुभव लाभदायक थियो ?, हामी यसलाई कसरी दैनिक रुपमा गर्नसक्छौं ?

४. झुण्डका सदस्यहरुलाई लाभदायक हुने समग्रीहरु संकलन गर्नुहोस् (सेशन १ मा भएका लिस्ट हेर्नुहोस्) झुण्डलेनै प्रार्थन ागर्नको निम्ति साथै तपाईको जवानहरु, जवान अगुवाहरु, शिक्षकहरु र विध्यालयको प्रशिक्षकहरुको लिस्ट बनाउनुहोस् ।

सेशन २

१. यस सेशनबाट व्यक्तिगत वा झुण्ड अध्ययनबाट परमेश्वरले उनीहरुको जीवनमा तीनवटा भिन्दा भिन्दै माध्ययमबाट काम गर्नु भएका कुराहरु हरेक विध्यार्थीलाई लेख्न लगाउनुहोस् ।

२. चारवटा झुण्डमा बाड्नुहोस् । हरेक झुण्डलाई मर्कूसको पहिलो चार अध्याय अध्ययन गर्न दिनुहोस् । येशू खीष्टले आफ्नो सेवकाईमा गर्नुभएको सिद्धान्तहरु निहाल्नको निम्ति भन्नुहोस् । फेरी एकै ठाउँमा राख्नुहोस र रिपोर्ट भन्न लगाउनुहोस् ।

३. उनीहरुलाई येशूमा केन्द्रीत सेवकाईको पाँचवटा सिद्धान्तहरुको बारे व्ययाख्या गर्नुहोस । व्ययाख्यात्मक प्रकारले भन्नुहोस । अब आउने बाह्र हप्तामा यी सिद्धान्तहरु झण्डले जवानहरुसँग व्यक्तिगत सम्बन्धमा कसरी व्यवहारमा गर्ने भन्ने बारे उनीहरुले थाहा गर्न सकुन ।

४. कार्य बिन्दु ३ मा रहि एउटा विध्यार्थीको नाम चयन गर्न झुण्डलाई आग्रह गर्नुहोस् ।

५. छलफल: के हाम्रो हालको जवान सेवकाई यस किसिमको विध्यार्थीहरु उत्पादन गर्न सफल छन्? किन ? किन सक्दैन ?

६. येशूमा केन्द्रीत सेवकाईको सिद्धान्तले कसरी अहिलेको स्थितिबाट जवान झुण्डको एउटा आत्मिक अगुवा हुन मद्दत गर्दछ भनि छलफल गर्नुहोस् । यो अगुवा झुण्डको तेह्र हप्तामा आफैलाई कतिको पविर्तन भएको पाउनुभएको छ ?

७. येशू केन्द्रीत सेवकाईलाई कार्यनयन गर्न हामीले हाम्रो जवान सेवकाईमा के–कस्ता आधारभुत परिवर्तन गर्न आवश्यक छ ?

सेशन ३

१. छलफल : भएको छ तपाईले के कुरा राम्ररी गर्नुभएको छ ? तपाईले त्यसमा कसरी राम्रो गर्नसक्नु ? (अभ्यास, यसमा रहि रहनु, उद्देश्य, इत्यादि)

२. सोध्नुहोस् : येशू पछ्याउँदा के कस्ता कुरामा राम्रो हुँदछ ?

३. तीनवटा झुण्डमा बाँड्नुहोस् र हरेक झुण्डलाई तल दिएका पदहरु पढ्नको निम्ति दिनुहोस् । ( कलस्सी १:१५–१६, हिब्रु ४:१५ र कोरिन्थी ६:१९–२०) । फेरी सबैलाई एकै ठाउँमा भेला गराउनुहोस् र हरेक झुण्डलाई त्यस पदबाट हाम्रो जीवनमा येशूको स्वामित्वबारे के थाहा गर्नुभयो भनि सोध्नुहोस् ।

४. के सबैले प्रेरीत २२:१–१६ सम्म पढ्नु भएको छ भनि सोध्नुहोस् । भन्नुहोस् : जब तपाई आफ्नो जीवनमा येशू ख्रीष्टको स्वामित्व स्वीकार गर्नुहुन्छ, तपाईले येशूलाई पुकारदा उहाँले उत्तर दिनुहुन्छ भनि कसरी सोच्नु हुन्छ ? मैले के गर्ने प्रभु ? फेरी झुण्डमा राख्नुहोस् र उत्तरहरु छलफल गर्नहोस् ।

५. झुण्डमा रहि फिलिप्पी २:९–११ पद पढ्नुहोस् र छलपल गर्नुहोस् । छलफलः के तपाई येशूलाई आदार र आस्था गर्नुहुन्छ ?

६. त्यस छलफल पछि भन्नुहोस् : तपाई आफ्नो समझले र जिब्रोले उहाँ प्रभु हुनुहुन्छ भनि कसरी स्वीकार गर्नुहुन्छ ? तपाईको जीवनमा येशू ख्रीष्को स्वामित्व प्रति खडा हुने ठुलो चुनौती लेख्नुहोस् ।

७. उठ्नुहोस् र झुण्ड रहेका हरेक व्यक्ती भएको ठाउँमा जानुहोस् । हरेकलाई चुनौतीको बारेमा भन्न लगाउनु होस् र परमेश्वरमा स्वीकार गर्नुहोस् । हरेक व्यक्तीकोलागि ठूलो स्वरमा परमेश्वरलाई छुट्कारा दिनुहोस् भनि प्रार्थना गर्नुहोस् । पवित्र आत्मासँग उनीहरुको जीवनको क्षेत्रहरुमा चँगाई माग्नुहोस् ।

सेशन ४

१. हरेक व्यक्तिलाई उनीहरुले विगतका वार्षहरुको नयाँ वर्षमा बनाएको प्रतिबद्धता जुन पूरा नभएकोबारे सोध्नुहोस् ।

२. व्याख्या : नयाँ वर्षको प्रतिबद्धतामा कमैले काम गर्दछन् । किनभने जब नयाँ पातलाई हामीले पछाडी पट्टि फर्काउँछौं, त्यसको पछाडीको भागमा फोहोरनै हुन्छ । येशूलाई पछ्याउनु भन्नाले उत्तम गर्ने भन्ने होइन तर त्यसलाई जान दिन हो ।

३. रोमी १२:१–२ सम्म पढ्नुहोस् । त्यस पदमा पावलले कसरी यशूलाई हाम्रो जीवनमा हुने र रहने बारेमा व्यवहारीक कदमहरु चाल्नुपर्छ भनि निवेदन गरेका छन्, सो झुण्डमा छलफल गर्नुहोस् ।

४. मत्ति १६:२४–२६ पढ्नुहोस् । तल दिएका प्रश्नहरुको छलफल गर्नुहोस् :

आफैलाई इन्कार गर्नु भन्नाले के बुझिन्छ ?

आफ्नो क्रुस आफै बोक भन्नाले के बुझिन्छ ?

येशूलाई पछ्याउनु भन्नाले के बुझिन्छ ?

येशूले यसमा के भन्न खोज्नु भएको होला, जसजसले आफ्नो प्राण बचाउने इच्छा गर्ला, उसले त्यो गुमाउनेछ, तर जसले आफ्नो प्राण मेरो निम्ति गुमाउला, उसले त्यो पाउने छ ?

पुरै संसारलाई जित्नु भन्दा येशूलाई आफ्नो जीवनमा प्रभु भनि पाउनु आवश्यक छ, किन ?

५. हरेक व्यक्तिलाई उनीहरुको जीवनमा ख्रीष्टको प्रभुत्वमा रहि एउटा प्रार्थनाको विषय बाड्नको निम्ति उत्साह दिनुहोस् । प्रार्थनाको विषय पहिलेको हप्ता जस्तै हुनसक्छ । मानिसहरुलाई एकअर्काको निम्ति पनि यी विषयहरुको लागि हप्तै पिछे प्रार्थना गर्न लगाउनुहोस् । तपाईले यी विषयहरु कुनै कागजमा लेख्न लगाउन सक्नुहुन्छ र एकअर्का सँग साटासाट गर्नलगाउनु होस् । भुण्डमा होस् र सानो झुण्डमा निवेदन गरिको विषयमा प्रार्थना गर्नलगाउनुहोस् । (नोटः यदि तपाईले प्रभुत्वको बारेमा कोहि व्यक्तीमा कुनै अफठ्यारो भेट्नुभयो भने, ती हप्ताहरुमा उसँग भेटघाट गर्नुहोस र प्रार्थना गर्नुहोस् । यदि समस्या ठूलो छ र तपाईले सक्नुहुन्न भने मण्डलीको पाष्टरसँग त्यो व्यक्तीलाई भेट गराउनुहोस् ।)

सेशन ५

१. सबैलाई एउटा पान्ना र कलम दिनुहोस । हरेक व्यक्तीलाई जवान सेवकहरुको औसत चित्र कोर्न लगाउनुहोस् र उनीहरुलाई त्यो चित्र वर्णनन् गर्न लगाउनुहोस् ।

२. यूहन्ना ८:२९ पढ्नुहोस् । येशूको नमुना हेरेर मानिसहरुले विश्वास साथ आफूमा कसरी अगुवाको भूमिका निमार्ण गर्नसक्छ भनि छलफल गनुहोस् ।

३. यूहन्ना १३:१–१० पढ्नुहोस । सोध्नुहोस् : येशूले कसरी दासबनि अगुवापनको भूमिका निर्वाह गर्नुभयो ? र हामी कसरी गर्न त्यस्तै गर्नसक्छौ ?

४. हरेक व्यक्तीलाई यस हप्ता मण्डलीको कुनै एउटा विध्यार्थीलाई साथी बनाउनको निम्ति अनुरोध गर्नुहोस । त्यस छलफलमा येशूले आफ्ना चेलाहरुलाई सेवकाई गरे जस्तै आफ्ना विध्यार्थीहरुलाई सेवकाई गर्नसकौं भनि परमेश्वरसँग माग्नुहोस् ।

५. हरेक व्यक्तिसँग त्यस जवानलाई किन भेट्न चहानुहुन्छ भनि बताउन लाउनुहोस् ।

सेशन ६

१. हरेक व्यक्तिलाई आफूलाई केले अपर्याप्त अगुवा बनाएको छ भनि त्यो समयको बारेमा सोध्नु ।

२. भन्नुहोस् : पत्रुससँग व्यक्तिगत र अगुवापनमा धेरै कमजोरीरहरु थियो, तर ऊ संसारकै महान् अगुवाहरु मध्य एक बन्न पुग्यो । येशूले ईन्कार गर्दा देखि प्रेरीत २ उध्यायमा शक्तिशालि अगुवा बन्दासम्म उसको जीवन रुपान्तरन भएको कुरा निकालौ । (चार्ट पेपरको सहायता लिनुहोस्)

३. प्रश्न : पत्रुस कहिलदेखि भित्रबाट उत्प्रेरीत भयो ? छलफल : के तपाई भित्रिरुपमा उत्प्रेरीत हुनुहुन्छ ? त्यो कहिले भयो ? त्यो कसरी भयो ?

४. यो सेशनमा र अगाडिको सेशनमा व्याख्या गरिएको येशूको अगुवापनको तहहरु पूर्वलोकन गर्नुहोस् ।  हरेक सिद्धान्तलाई, यस सिद्धान्त कसरी व्हारमा प्रयोग गर्न सकिन्छ भनि सोध्नुहोस् ।

५. हरेक व्यक्तिलाई यो हप्ता विध्यार्थीहरुसँग गरिएको भेटघाटको बारेमा सोध्नुहोस् ।

६. हामी कसरी सेवक अगुवा बन्न सक्छौं भनि व्याख्या गर्न लगाउनुहोस् । उनीहरुलाई यस प्रकारको सम्बन्धमा रहन हौसला दिनुहोस् । प्रश्न : तपाई कसरी यी विध्यार्थीहरलाई चारैवटा तहबाट लिएर जानुहुन्छ ?

सेशन ७

१. झुण्डमा ठुलो स्वरमा २ तिमोथी २:१–२ पढ्नुहोस् । त्यस खण्डमा जाने र चेलापनको ६ वटा सिद्धान्तहरु पत्ता लगाउन लगाउनुहोस् । ती सिद्धान्तहरु बोर्डमा लेख्नुहोस् । (सिद्धान्तहरुको एउटा लिस्ट तयार गर्नुहोस) हरेक सिद्धन्तको केन्द्र बिन्दुको छलफल गर्नुहोस् । हरेक सिद्धान्तको छेऊमा केन्द्र बिन्दु लेख्नुहोस् ।

२. हरेक सिद्धान्तहरुको यी प्रश्नहरुको छलफल गर्नुहोस् :

लिनु– के तपाईको मण्डली अनुग्रहको वातावरणमा अवस्थित छ ? तपाईको जवान झुण्ड ? यो के जस्तो देख्दछ ? यसलाई बनाउन तपाईले के गर्नुपर्छ ?

सम्बन्ध– निकटको सम्बन्ध बनाउनको निम्ति सजिलो लाग्ने तरिका के होला ? के कुराले अफठ्यारो ल्याउँदछ ? चेलापन बनाउनको निम्ति विध्यार्थीहरु सँग निकटको सम्बन्ध किन आवश्यक छ ?

प्रतिबिम्भ– तपाई आफ्ना विध्यार्थीहरु सँग कसरी विश्वासीलो सम्बन्ध बनाउन सक्नुहुन्छ ?तपाईले के कस्ता चुनौतिहरुको सामना गर्नुपर्छ ?

सत्यता– तपाईले विध्यार्थीहरुको अघि भूल गर्नुभएको समय याद छ ? के भएको थियो ? तपाईले त्यसलाई कसरी सकारात्मक अनुभवमा ल्याउनु भयो ? के तपाई आफ्नो विध्यार्थीहरुसँग सफा र वास्तकि रुपमा प्रस्तुत हुन चाहनुहुन्छ ?

भर्नालिनु– ***F-A-T*** विध्यार्थीहरुलाई भर्ना लिनु आवश्यक छ ? तपाईलाई थाहा भएका ***F-A-T*** विध्यार्थीहरु को–को हुन् ?

पुनउत्पादन– २ तिमोथी २:२ मा उल्लेख गरीएका ६ वटा चेलापनका सिद्धान्तहरुमा, परमेश्वरले तपाईलाई आउँदो पुस्ता सम्म प्रभाव पर्ने गरी चेला बनाउनको निम्ति चलाउँदै हुनुहुन्छ भनि कल्पना गर्नुहोस् ।

३. एकअर्कामा सोध्नुहोस् : चेला बनाउने हुनु किन आवश्यक छ ?

सेशन ८

१. मत्ति २८:१८–२० सँगसँगै पढ्नुहोस् । चेला बनाउने चारवटा पक्षहरु कापिमा लेख्नुहोस् ।

२. मत्ति ९:३५–३८ सम्म अध्ययन गरी सुसमाचार प्रचारको कदमहरु छलफल गर्नुहोस । प्रश्नः येशूले कसरी गोठालाहरु नभएका भेडाहरु जस्तै हैरान र तितर बितर भएकाहरुसँग सम्बन्ध राख्नु भयो ? येशूले भिडलाई गर्नुभएको जस्तै हामीले विध्यार्थीहरुलाई के गर्न सक्छौं ?

३. चक्रको चित्रलाई हेरी स्थापनको कदमको बारे छलफल गर्नुहोस् । प्रश्न : यसको हरेक तत्तव किन महत्तव छ ? हामीले विध्यार्थीहरुलाई येशू खीष्टमा रही स्थापित हुन कसरी यी कदमहरु चाल्न सक्छौं ?

४. झुण्डलाई दुई भागमा बाँडेर सुसज्जितका कदमहरुको बारेमा छलफल गर्नुहोस् । एउटा झुण्डले १ थिस्सोलोनिकी १:४–१० सम्मा उनीहरुको विश्वासको बारेमा हेर्न र अर्को झुण्डले १ थिस्सोलोनिकी १:४–१० सम्मा पावलले कसरी उनीहरुलाई विश्वासद्धारा सुसज्जित पारेका छन् भनि हेर्न लगाउनुहोस् ।

५. बढ्नुका कदमको बारे प्रश्न गरी छलफल गर्नुहोस् । तपाईको जवान झुण्डका विध्यार्थीहरुलाई चेला बनाउन यस खुड्कीलो कदमको प्रतिक्रियाले के प्रभाव पार्दछ ?

सेशन ९

१. झुण्डलाई दुई भागमा विभाजन गर्नुहोस्, एउटा पुराना अनुवाहरु र अर्कोमा नयाँ अगुवाहरु राख्नुहोस् । हरेक झुण्डले उनीहरु स्कुले जीवनमा हुँदा उनीहरुको जीवन कस्तो थियो भनि लेख्न

लगाउनुहोस् । तयारीको निम्ति ५ देखि १० मिनेको समय दिनुहोस । उनीहरुको रचनालाई आडपूर्ण उच्साह दिनुहोस् । भन्नको निम्ति कम्तिमा २ मिनेट दिनुहोस् ।

२.त्यही दुबै झुण्डलाई सँस्कृतीमा छिर्नु भन्नाले के बुझिन्छ भनि लेख्न लगाउनुहोस् । फेरी सबैलाई सँगै राख्नुहोस् र हरेक झुण्डलाई आ–आफ्नो परिभाषा भन्न लगाउनुहोस् ।

३. कुनै व्यक्तिलाई प्रतिक्रिया गर्नको निम्ति सोध्नुहोस् र यस सेशनको काय बिन्दुको हरेक प्रश्नको छलफल गर्नुहोस् । (पृष्ठ ३९–४०)

४. तपाईका विध्यार्थीहरु जुन विध्यायलय जान्छन् त्यहाँको वार्षिक किताब, पात्रो, विध्यायलयको पत्रिका ल्याउन लगाउनु होस् । अर्को सेशनमा यसलाई लिएर आउनुहोस् ।

५. भेटघाटलाई हरेक विध्यार्थीहरुको निम्ति र उनीहरु जाने विध्यायलयको निम्ति प्रार्थना गरेर समापन गर्नुहोस् ।

सेशन १०

१. हरेक व्यक्तिलाई आजको विध्यार्थीको सँस्कृती बारे पाँच विशेष कुराहरु लेख्न लगाउनुहोस् ।

२. छलफल : जवानहरुलाई जान्नको निम्ति तपाईलाई के–कुराको डर लाग्दछ ?

३. हरेक व्यक्तिलाई सँस्कृतीमा छिर्नु सिद्धान्तको तत्तवहरुमध्य गर्न गाह्रो लाग्ने कुनै एउटा तत्तव छान्न लगाउनुहोस् । कुन चाँहि उसलाई सजिलो लाग्छ भनि सोध्नुस् ?

४. विध्यायलयको साम्रगीहरु संकलन गरी (वार्षिक पात्रो, पत्रिका) सबैलाई एक ठाउँमा राख्नुहोस् र तपाईको क्षेत्रको विध्यालयको सक्दो धेरै जानकारी लिनुहोस् । (सानो झुण्डमा बाड्नुहोस् । हरेक झुण्डले विध्यालयको प्रतिनिधित्व गर्नसक्छन् ।)

५. प्रश्नः विश्वास नगर्ने विध्यार्थीहरु माझ जान तपाई पहिलो कदम के गर्नुहुन्छ ? हरेक व्यक्तिलाई यस हप्ता कुनै एक कदम गर्न र व्याख्या गर्न लगाउनुहोस ।

६. हरेक व्यक्तिलाई उनीहरुले जान्न चाहेको एउटा विश्वास नगर्ने विध्यार्थीहरुको नाम लेख्न लगाउनुहोस् । त्यो विध्यार्थीको जीवनमा समावेश हुने एउटा कार्यको निर्णय लिन लगाउनुहास् ।

सेशन ११

१.छलफल : आजको विध्यार्थी सँस्कृतीमा, विध्यार्थीहरुले के गर्ने चाहना गर्छनन् ?

२. छलफल : के हामीले ती राम्रा पक्षहरु लिने र ख्रीष्ट केन्द्रीत रही विध्यार्थीहरुसँग बाहिर जाने कार्य सृजना गरी सुसमाचार गर्नसक्छौं ?

३. प्रश्न : आजको नयाँ जवानाको, विध्याार्थीहरुलाई हामीले साँचो संचारमा कसरी परिर्वतन ल्याउन सकिन्छ (येशूको सुसमाचार) ?

४.छलफल : के हाम्रो मण्डली र हाम्रो हाम्रो जवान सेवकाईमा रहेका अगुवाहरु यो गर्नको निम्ति तयार छन् ?

५. प्रश्न : येशू खीष्टलाई अहिलेको बनोट अनुसार अझै राम्ररी चिनाउनको निम्ति के–कस्ता परिर्वतनहरु गर्न आवश्यक छ ? जवान अगुवा भएको कारण हामीले ती परिवर्तन ल्याउन के कस्ता कदमहरु चाल्न आवश्यक छ ?

६. बाहिर जाने कार्य बनाउन उपयोग हुने खण्डहरु अवलोकन गर्नुहोस् । (पृष्ठ ५५ र ५६ हेर्नुहोस्) हरेकले, यसको आवश्यकताको लागि तपाईको मण्डली भेटघाटमा के गरिरहेका छन् मूल्याङ्गन गर्नुहोस् ।

सेशन १२

१.झुण्डमा एफिसी ४:११–१६ सम्म ठूलो स्वरमा पढ्नुहोस् । छलफल : यस पदहरुमा पवलले वर्णनन् गरेका अनुसार हामी तयारी छौं ? यदि छैनौ भने आफैलाई तयार गर्नको निम्ति के–कस्ता कुराहरुको आवश्यक्ता पर्दछ ?

२. हरेक व्यक्तिले आफ्नो व्यक्तिगत कार्ययोजना येशू केन्द्रित जवान सेवकाईलाई व्यवहारमा कसरी गर्ने भनि छलफल गर्नुहोस् । उनीहरु जहाँ व्यवारीक वा विषेश हुँदैनन्, ती कुराहरुमा चुनौती दिनुहोस् । पहिलो दुई कार्यहरुलाई गर्नको निम्ति निर्णय दिनुहोस् ।

३. तपाईको जवान सेवकाईमा आफ्नो झुण्डको सदस्यहरुलाई हेरी विध्यार्थीहरुको मूल्याङ्गकन गर्नुहोस् र कार्य बिन्दुको प्रश्न नं ३ को उत्तर दिनुहोस् (पृष्ठ ६० र ६१ हेर्नुहोस् )

४. येशू केन्द्रित जवान सेवकाईको विभिन्न क्षेत्रहरुको मूल्याङ्गकन गरी झुण्डमा प्रश्न गर्नुहोस् । हामी अहिले कहाँ छौं ? र हामी कहाँ हुनुपर्ने बारे सोध्नुहोस् ?

५. सबै झुण्डलाई  समावेश गर्नुहोस्, उनीहरुलाई मण्डलीको जवान सेवकाईको दर्शनको बारेमा व्याख्या गर्नु लगाउनुहोस ।

६.  यसलाई झुण्डमा प्रार्थनाको निम्ति प्रतिबद्ध गर्नुहोस । उनीहरुलाई यस हप्ता हरेक दिन प्रार्थनाको निम्ति अनुरोध गर्नुहोस् ।